# भूमिअधिकार

वर्ष ७, पूर्णाङ्क १८, २०६६ भदौ (Aug 2009)

*हलुवा चलुवा .......* ११





२१

कसरी आउला भूमिपीडितका आवाज संविधानमा ........ ३

नछेकोस् भूमिसुधारलाई नयां संविधानले ........ १०

विदेशका संविधानमा भूमिसुधार ........ १२

संविधानमा भूमि र महिला ........ १४

जमिन नहुनेलाई बाँच्न गाह्रो छ ........ १५

हाकु यात्राका केही संस्मरण ........ १७

वैद्यको प्रेस्क्रिप्सन धनभन्दा जन ठूलो ........ १८

बेदखली किसानको भूमिअधिकार विषयमा अन्तर्क्रिया ........ १९

पुस्तक परिचय ........ २३

पाठकको पातो ........ २४

### उठौं जागौं र संगठित बनौं...

वर्ग चिनौं, सङ्गठित बनौं र संयुक्त आन्दोलन-अभियान सञ्चालन गर्दै भूमिअधिकार सुनिश्चित गरौं'- यो उद्धरण कुनै औपचारिक शिक्षा हासिल गरी विद्वान् बनेका व्यक्तिको मुखारविन्दबाट निस्केको वाणी होइन । यो त ४१ औं शिशिरको चिसो सामना गरिसकेका भूमिहीन बच्छाराम रैदासको ओभिला शब्दहरूको ........ १६



२२

**प्रकाशकः**

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

पो.ब.नं : १९७९०, धापासी, काठमाडौं, नेपाल

फोन : ९७७-०१-४३६०४८६, ४३५७००५, फ्याक्स : ९७७-०१-४३५७०३३

E-mail : landrights@csrcnepal.org, Website : www.csrcnepal.org

# सबैको संविधान बनोस्

नेपाली जनताको लामो समयको आकाङ्क्षाअनुसार जनताको प्रत्यक्ष सहभागितामा संविधान निर्माण हुँदैछ । यही कारण विभिन्न तह र तप्काका आमजनमानसमा आफूले भोगिरहेको उत्पीडनबाट उन्मुक्ति मिल्ने आशा जागेको छ । यही क्रममा भूमिअधिकारबाट वञ्चितहरूले पनि एकातर्फ पुर्खौंदेखि माटोमै घोटिनुपर्ने विवशता र अर्कोतर्फ त्यति गर्दा पनि हातमुख जोर्न भने सधैं समस्या भइरहने अवस्थाबाट मुक्तिको चाहना राखेका छन् ।

यस्तो चाहना राख्ने समूहमा भूमि समस्याका विभिन्न भङ्गालोबाट पीडितहरू पर्छन् । कोही उखडा, कोही बेदर्तावाल मोही, कोही विर्ता त कोही जागिर र खान्गी तथा गाउँब्लकबाट सताइएकाहरू छन् । समस्याको नाम जेसुकै भए पनि उनीहरू भूमिअधिकारबाट सताइएका छन् र यतिबेला त्यसबाट मुक्ति हुने विश्वासका साथ प्रतीक्षारत् पनि छन् ।

कैयौं किसान अहिले पनि आफूले वर्षौंदेखि जोतिरहेको जमिनबाट निकालिइरहेका छन् तर राज्य भने मौन छ । एकातर्फ भूमिहीनहरू सङ्गठित हुँदै आफ्ना अधिकारका लागि अभियान सञ्चालन गर्दैछन् भने अर्कोतर्फ जमिनबाट हटाउने र उनीहरूमाथि अत्याचार जारी राख्ने काम पनि रोकिएको छैन ।

यस्तो अवस्थाबीच अहिले संविधान निर्माण हुने क्रम चलिरहेको छ । त्यही क्रममा पनि भूमिसुधार गर्ने कि नगर्ने, हदबन्दीभन्दा बढी भएको जमिन लिँदा क्षतिपूर्ति दिने कि नदिने जस्ता विषयमा नै मतभेद उत्पन्न भएको छ । यस्तो महत्वपूर्ण कुरामा एक मत हुनुपर्नेमा त्यसैमा विवाद उत्पन्न हुनु पक्कै पनि राम्रो कुरा होइन ।

तर जे भए पनि यस्ता महत्वपूर्ण कुरामा एक मत हुने र गरीब तथा भूमिहीनका पक्षमा संविधान बन्नेमा आम जनता जस्तै भूमिअधिकारबाट वञ्चितहरू पनि आशावादी छन् ।

त्यसैले भूमिहीन, मुक्त कमैया, कमलरी, हरूवा-चरूवा, गुठीपीडित, बेदर्तावाल मोही जस्ता सबै पीडितको पक्षमा हुने संविधान तयारीका लागि हामी विधायकहरूसँग अपील गर्छौं । भूमि भएका र नभएकाबीच खडा भएको दुई वर्गबीचको दूरी हटाउन जमिनको पुर्नवितरण र बैज्ञानिक व्यवस्थापन गर्न सक्ने भूमिसुधार गर्न अब बन्ने संविधानमा बाधक नबनोस् ।

यो सत्यलाई मनन् गर्दै सामाजिक न्यायका लागि अग्रसर हुन सबै संविधानसभा सदस्यमा जागरूकता पलाओस्, इतिहास रच्ने यो संविधानले भूमिका कारण सिर्जित सबै भेदभाव र शोषणको अवशेषसमेत निमिट्यान्न पार्न सकोस् यो संविधानमा गरिवहरूको अधिकार नकाट्रियोस् । ●






# कसरी आउला भूमिपीडितका आवाज संविधानमा ?

लिच्छवीकालीन नेपालमा जग्गाको स्वामित्व राजपरिवार, गुठी र सर्वसाधारण जनताको नाममा थियो । शासन सत्ता हत्याउने क्रममा लिच्छवीहरुलाई मल्लले परास्त गरे । नयाँ शासन व्यवस्था लागू भयो मुलुकमा । जग्गाका स्वरुप फेरिए- विर्ता, रैकर गुठी आदि नामाकरण भए । सानो ठाउँ, राज्यको आयस्रोत खासै थिएन । विकास पनि खासै गर्नु थिएन । जनताको महत्वकाङ्क्षा पनि त्यति थिएन । बाहिरी संसारसँग घुलमिल पनि थिएन । एकप्रकारले मुलुक ठीकै र आफ्नै हिसावले चलेको थियो ।

पृथ्वीनारायण शाहले चालेको एकीकरण अभियानपछि उनले कूटनीतिक अर्थतन्त्रलाई महत्व दिए । खिचातानीकै बीच राणाहरुले शासन हत्याए । जहानिया शासन व्यवस्था भएकाले 'जसोजसो बाहुन बाजे, उसैउसै स्वाहा' गर्नुको विकल्प थिएन जनतासँग । केही विकास त भए तर शासकहरुकै सुविधाका लागि मात्र त्यो प्रयोग भयो । जनताका लागि विकास 'आकाशको फल, आँखा तरी मर' थियो । यो एउटा पाटो थियो भूमि इतिहाससँग जोडिएको ।

१ सय ४ वर्षको राणा शासन अन्त्यपछि मुलुकमा प्रजातन्त्र आयो । पिछडिएका अन्य क्षेत्रका जनता जस्तै भूमिपीडितले पनि अधिकार पाउने आशा सङ्गाले । तर केही भएन । शासन सत्ता हत्याउने घिनलाग्दो खेल चलिरह्यो । जननिर्वाचित सरकारलाई पन्छाएर शासन हात पार्ने राजा महेन्द्रको षडयन्त्रले सबै समस्यासँग भूमि समस्या पनि ओझेलमा परिरह्यो । छिटपुटरुपमा भएका भूमिसँग सम्बन्धित आन्दोलन, विद्रोह दबाइए । एकदलीय र निरङ्कुश शासन व्यवस्था भएकाले जस्तोसुकै दमनमा पनि सरकार उत्रन सक्थ्यो, त्यसैले थप विद्रोह गर्न ठूलैजमात चाहिन्थ्यो, जुन सम्भव भएन । एकाध तुरुप फ्याँकिए पनि त्यसले उनले चाहेको अभिष्ट पूरा गर्नेबाहेक अरु केही गर्न सकेन । गर्न सक्ने अवस्था पनि थिएन ।

**दिन बिते । रात बिते । महिना बिते । वर्ष बिते । भूमिअधिकारबाट वञ्चितका समस्या भने उस्तै रहे । एकदलीय पञ्चायती व्यवस्था टिकाउन सारा प्रयत्न केन्द्रित गरिएकाले अन्य समस्या ओझेलमा पर्नु स्वभाविकै थियो ।**

२०१७ सालमा महेन्द्रले शासन हातमा लिए । उनलाई जसरी पनि पञ्चायती व्यवस्था टिकाउने र त्यसमार्फत् दीर्घकालसम्म राज गर्ने महत्वाकाङ्क्षा जाग्यो । यसका लागि विभिन्न क्षेत्रका असन्तुष्ट पक्षलाई खुशी तुल्याउने प्रपञ्च उनीबाट हुन थाले । फलस्वरुप २०२१ सालमा भूमी सम्बन्धी ऐन ल्याइयो । यसले किसानको हित गर्ने बताइएको थियो तर भित्री आकाङ्क्षा भने किसानहरुको सम्भावित विद्रोह रोक्ने र उनीहरुलाई अल्मल्याउने थियो । नभन्दै भयो पनि त्यस्तै ।

दिन बिते । रात बिते । महिना बिते । वर्ष बिते । भूमिअधिकारबाट वञ्चितका समस्या भने उस्तै रहे । एकदलीय पञ्चायती व्यवस्था टिकाउन सारा प्रयत्न केन्द्रित गरिएकाले अन्य समस्या ओझेलमा पर्नु स्वभाविकै थियो । त्यसैले भूमि समस्याले मात्र निकास पाउने आशा व्यर्थ थियो ।

गाउँका जमिनदार, भूमिवाल तथा सामन्तलाई साथ लिएर शासनसत्ता लामो समय टिकाउने रणनीति पञ्चायत सरकारले लिएको थियो । जसअनुसार ठूला जमिनदार नै पञ्चायतकालभर सधैं सत्ता वा वरपर रहे । त्यसैले भूमिहीन वा भूमिअधिकारबाट वञ्चितका लागि योजना बन्ने, कार्यान्वयन हुने कुरा सम्भवै थिएन ।

२०४६ सालमा आन्दोलन भयो । भूमिगतरुपमा कार्यरत् कङ्ग्रेस, मालेलगायत्को आन्दोलनबाट बहुदलिय प्रजातन्त्र आयो । विडम्वना, २००७ सालमा आइसकेको भनिएको प्रजातन्त्रका लागि भूमिपीडितलगायत्ले पुनः आन्दोलन गर्नुपर्‍यो । सबैका स्वार्थ हुन्छन् । आन्दोलनको सफलतापछि आफ्ना पीडा मर्का सुनुवाइ हुने भूमिपीडितको आशा स्वभाविकै थियो । र, गरे पनि ।



कङ्ग्रेसका जगनाथ आचार्य भूमिसुधार मन्त्री बनाइए । उनले भूमिसुधारका क्षेत्रमा केही गर्न खोजे पनि । तर यही कारण उनी आफैं मन्त्रीबाट राजिनामा दिन बाध्य भए । आफ्नै पार्टीका सांसद र नेताले उनलाई साथ दिएनन् । हदबन्दीभन्दा बढीको जमिन खोस्नुपर्छ भन्ने उनको योजना तुहियो । खासगरी तराइका नेताहरुले उनको चर्को विरोध गरे । पार्टीभित्रकै विरोध थेगिनसक्नु

## नयाँ संविधानमा भूमिका मुद्दा

नेपालको लेखिदैं गरिएको संविधानमा प्राकृतिक स्रोत जमिन वास्तविक खेती गर्ने किसान, कृषिश्रमिक र भूमिहिन तथा मोहीको पहुँच र नियन्त्रणमा जाने स्पष्ट व्यवस्था हुनुपर्दछ । ग्रामीण विकास, सामाजिक न्याय, गरिव वर्गको जीविका सुरक्षालाई ग्यारेण्टी गर्न आवस्यक भूमिसुधार गर्न संविधान कुनै पनि हिसावले बाधक बन्नु हुदैंन ।

नेपालको भूमि व्यवस्था न्यायिक र प्रभावकारी बनाउनका लागि तलका विषयहरु संविधानमा समेटिनु पर्दछ ।

### प्रस्तावनामा के छुटाउनु हुन्न ?

अर्धसामन्ती तथा अनुपस्थित जमिनदारी संरचनाको पूर्ण अन्त्य गरी घरबास सबैलाई, खेतीयोग्य जमिन श्रम गर्नेको स्वामित्वमा रहने उल्लेख हुनुपर्दछ ।

### मौलिक हक खण्डमा पर्नै पर्ने :

**सम्पत्तिमाथिको हक :**

प्रत्येक नागरिकलाई प्रचलित कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचविखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ तर भूमि प्राकृतिक स्रोत र उत्पादनको साधन भएकाले भूमिमा जसले आफ्नै श्रमले उत्पादन कार्यमा सक्रिय हुन्छ, उसैको नियन्त्रण र स्वामित्व हुनेछ ।

भूमिसुधार गर्दा हदबन्दी लगाई जमिनको पुर्नवितरण गरिनेछ । र हदबन्दी भन्दा बढिको जगगाको क्षतीपुर्ती दिईने छैन ।

**शोषणविरुद्धको हक**

कसैलाई हलिया, हरुवा-चरुवा, कमलरी वा नोकरचाकर राख्न पाइने छैन । कसैलाई बाँधा बनाउन पाइने छैन ।

**खाद्य सम्प्रभुता तथा आवासको हक**

प्रत्येक व्यक्तिलाई खाद्य सम्प्रभुताको हक हुनेछ ।

सबै नेपाली नागरिकलाई पारिवारिक रुपमा सुरक्षित आवासको हक हुनेछ ।

**नागरिकको कर्तब्य**

खेतीयोग्य जमिन बाँझो राख्न वा ठेक्का, अधिया वा लिजमा, मोहियानीमा दिन नपाउने, आफ्नै श्रम र लगानीबाट उत्पादनमा वृद्धि गर्नुपर्ने तर उचित ज्याला दिएर भने काममा लगाउ पाउने ।

### राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू

**राज्यको दायित्व**

१) सामन्ती भूस्वामित्वको अन्त्य गर्दै क्रान्तिकारी भूमिसुधार लागु गर्ने ।

२) मोही, सुकुम्बासी, हलिया, हरुवा-चरुवा, कमैया, कमलरी, कृषि मजदुरलगायत्का आर्थिक सामाजिकरुपले पछाडि पारिएको वर्गलाई जग्गालगायत् आर्थिक, सामाजिक सुरक्षासहितको पुनर्स्थापना गर्ने ।

३) आवास र कृषि जमिनको स्वामित्व र नियन्त्रण एवम् पैत्रिक सम्पत्तिमा महिला-पुरुष, छोरा-छोरी दुवैको समान हक हुने व्यवस्था गर्ने ।

**निर्देशक सिद्धान्त**

१) देशमा उपलब्ध प्राकृतिक स्रोत-साधनलाई सीमित व्यक्ति वा वर्गमा केन्द्रित हुन नदिई त्यसको उपयोग र लाभलाई सामाजिक न्यायको आधारमा वितरण गरी भूमिसुधारका माध्यमबाट गरीब मानिसको

भयो ।

एमालेको सरकार बन्यो । केशव बडालको अध्यक्षतामा उच्चस्तरीय भूमिसुधार आयोग बन्यो । जसले भूमि समस्या समाधानार्थ गर्न सकिने सुझाव तयार पनि पार्‍यो । पीडितमा केही आशा पलायो किनकि यो सुझाव लागू गर्ने घोषणा एमाले सरकारले पहिल्यै गरिसकेको थियो । 'खाने बेलामा आँधीबेहरी' भनेझैं ९ महिना नपुग्दै एमाले सरकारको असामयिक निधन भयो । उसको निधनसँग बडाल आयोगले तयार पारेको प्रतिवेदन टुहुरो भयो । यसलाई हुर्काइ बढाइ गर्ने कोही भएन । अब यो करिब करिब इतिहास बनिसकेको छ ।

त्यसपछि सरकार ढाल्ने र बनाउने, फेरि ढाल्ने र फेरि बनाउने खेल चलिरह्यो । एकले अर्कालाई खुच्चुँ गर्ने र त्यसको केही समयपछि फेरि आफैं चाउरिने खेल दोहोरिइरह्यो । जनताले लखेटको केही वर्ष नपुग्दै कङ्ग्रेस, एमाले जस्ता दलले राप्रपाका नेताहरुलाई प्रधानमन्त्री सुम्पे र आफू उनीहरुको पाउ परे । जनआन्दोलनका सहयात्रीप्रतिको इर्ष्याले 'रिस खा आफू, बुद्धि खा अर्को' को चाल भयो । सत्ताका लागि यी दल जे पनि सहमति गर्न सक्दा रहेछन् र जतिसुकै तल पनि गिर्न सक्दा रहेछन् भन्ने जनतामा पर्न गयो । दलहरुले आफू नाङ्गिएको थाहै पाएनन् । यस्तो अवस्थामा जनताका समस्या सम्बोधन हुने कल्पना पनि गर्न सकिन्नथ्यो । गर्ने कुरै भएन । यहाँबाट भूमि इतिहासको अर्को अध्याय पनि समाप्त भयो ।

यस्तो अवस्था सिर्जनाले जनतामा व्यापक निराशा थियो सत्ता सञ्चालकहरुसँग । भूमिपीडित यसमा अपवाद बन्ने कुरै थिएन । उता नेकपा माओवादीले २०५२ साल फागुन १ देखि सशस्त्र आन्दोलन चलाउँदै आएको थियो । यो आन्दोलनका महत्वपूर्ण मुद्दामध्ये एउटा 'क्रान्तिकारी भूमिसुधार' पनि थियो । युद्धकालभर यो पार्टीले 'जमिन कसको- जोत्नेको, घर कसको- पोत्नेको' भन्ने नारा डाँडाकाँडाभर गुञ्जायो । उनीहरुप्रति जनताको आकर्षण

जीवनस्तरमा आमूल परिवर्तन गर्नु राज्यको उद्देश्य हुनेछ ।

२) प्राकृतिक स्रोतहरुको अधिकतम् प्रयोग गरी ग्रामीण औद्योगिकीकरण र रोजगार सिर्जना र आर्थिक उन्नति गर्ने राज्यको उद्देश्य हुनेछ ।

३) भूमिमा श्रम गर्ने किसान र कृषि श्रमिकको समावेशी सिद्धान्तका आधारमा राज्यका संरचनाहरुमा सहभागिताको हक हुनेछ ।

**राज्यका नीतिहरु**

१) राज्यले कानूनीरुपमा भूमिहीन, जोताहा मोही, नियमित कृषि मजदूरहरुले जोतिरहेको जमिन व्यक्तिगत वा सामूहिकरुपमा पाउने व्यवस्था गर्नेछ । यसका लागि संसदले प्रभावकारी हदबन्दी, कृषि सहयोग, ग्रामीण विकासलाई ध्यानमा राखेर नीतिहरु निर्माण र अनुमोदन गर्नेछ ।

२) राज्यले हरेक कार्यक्रमहरुको योजना र व्यवस्थापनमा मोही, सुकुम्बासी, हलिया, हरुवा-चरुवा, कमैया, कमलरी, कृषि मजदूरलगायत्का आर्थिक सामाजिकरुपले पछाडि पारिएका वर्ग र अन्य स्वतन्त्ररुपमा रहेका किसानका संस्थाको सहभागिता, सुनिश्चित गर्नेछ । कृषिका निम्ति उचित प्रविधि, अनुसन्धान, आर्थिक सहयोग, उत्पादन, बजार र अन्य सहयोगी सेवा उपलब्ध गराउने नीति लिनेछ ।

३) वातावरण संरक्षण, सामाजिक न्यायसहितको विकास र कृषि सुधारका आवश्यकतालाई ध्यानमा राखेर संसदले सरकारी अधिनको जमिनको क्षेत्रफल कति उपार्जन गर्न पाउने, कति लिन पाउने अथवा भाडामा पाउने र त्यससम्बन्धी सर्तहरुको निर्णय र व्यवस्था गर्नेछ ।

४) राज्यले ग्रामीण औद्योगिकीकरण, रोजगार, उत्पादनका लागि जमिन मालिकलाई कृषिसुधार कार्यक्रममा लगानी गर्न प्रोत्साहन गर्नेछ ।

५) राज्यले विस्तृत ग्रामीण विकास र एकिकृत भूमिसुधारलाई सँगै लैजान प्रोत्साहन गर्नेछ ।

६) राज्यले गैरसरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु र नागरिक समुदायलाई एकिकृत भूमिसुधार र राज्यको आर्थिक विकासमा सहयोग पुर्‍याउन प्रोत्साहन गर्नेछ ।

७) सरकारले बाँझो वा प्रयोगबिहीन कृषियोग्य जमिनलाई एकिकृत भूमिसुधार कार्यक्रमका लाभदायी समूहलाई वितरणका निम्ति कानूनले तोकेबमोजिम आफ्नो अधिनमा ल्याउनेछ र वितरण गर्नेछ ।

८) नेपालमा कुनै पनि बहुराष्ट्रिय कम्पनी वा विदेशी कम्पनीको निजी स्वामित्वमा जमिन हुने नीति लिने छैन वा राख्न दिने छैन ।

९) यो संविधान लागू भएको २ वर्षभित्रमा खेतीयोग्य जमिन जोताहाको स्वामित्वमा जाने नीति र कार्यक्रम लागू गर्नेछ । महिला-पुरुषको संयुक्त नाममा लालपूर्जा जारी गर्ने । भू-उपयोग नीति निर्माण गरी लागू गर्ने । अव्यवस्थित बसोबासीलाई बासको ग्यारेन्टी गर्ने । जमिनका कारण व्याप्त सबै शोषण अन्त्य गर्ने । जमिन ३ वर्गमा विभाजन गरिनेछ । पहिलो खेतीयोग्य जमिन, स्थानीय सरकार गाविस वा नगरपालिका वा जिल्ला विकास समितिको नियन्त्रणमा साधारण जमिन सङ्घ र रिजर्भ जमिन केन्द्रीय सरकारको मातहतमा रहनेछ ।

जमिनबाट उठ्ने कर स्थानीय सरकारको नियन्त्रणमा हुनेछ र भूमि तथा कृषि सुधारमा लगानी गरिनेछ ।

**सूची :** खेतीयोग्य जमिन भूमिमा श्रम गर्ने किसानको अधिकार क्षेत्रभित्र रहनेछ ।

बढ्नुमा यो पनि एउटा कारण थियो ।

एकातिर माओवादी आन्दोलनका कारण मुलुक अस्तव्यस्त अवस्थामा थियो भने अर्कोतर्फ एमाले, कङ्ग्रेस, राप्रपा जस्ता दल जसरी पनि सत्ता हत्याउने घृणित खेलमा व्याप्त रहे । यो धमिलो राजनीतिक अवस्थाको फाइदा लिँदै राजा ज्ञानेन्द्रले २०५९ माघ १९ गते शासनसत्ता हातमा लिए । दलहरु करिब करिब प्रतिबन्धित गरिए । जनताले सबै दललाई घृणा गर्न थालेकाले आफूलाई रुचाउँछन् भन्ने राजाको मनोविज्ञान देखियो ।

दलहरुले कहिले यता, कहिले उता गर्दै केही वर्ष खाएका सत्ता राजाले हात पारे । 'वल्लो घरको नरे, पल्लो घरमा सरे' भनेझैं सत्ता त सर्‍यो तर जनताका उन्नति भएन, उनीहरुका समस्या ज्युका त्युँ रहे । अरुले गरेको रजाइँ राजाकै आसेपासेले गरे । रजाइँ गर्ने पात्र मात्र परिवर्तन भए । उता सबैजसो दल र माओवादीले राजाको शासनविरुद्ध हुङ्कार छेडे । नभन्दै २०६२ को अन्तिम र २०६३ को सुरुमा भएको माओवादीसहितको जनआन्दोलनले राजालाई शासन छाड्न बाध्य पार्‍यो । राजाले लुत्रुक्क शासन छाडेपछि मुलुक अर्को चरणमा प्रवेश गर्‍यो ।

माओवादीकै एजेण्डाअनुरुप मुलुक संविधानसभा निर्वाचनका लागि तयार भयो । सबै तह, तप्का, वर्ग, जाति, सम्प्रदाय आदिको सहभागिता हुने भएकाले संविधानसभाले बनाएको संविधानले सबैको हित गर्ने दाबी यसका विज्ञहरुको छ । जसअनुसार यतिबेला मुलुक संविधानसभामार्फत् संविधान बनाउन लागेको छ । त्यसैले भूमिपीडितका मुद्दा यो संविधानले कसरी समेट्ला भन्नेबारे अहिले सरोकारवालाबीच व्यापक जिज्ञासा छ ।

*अन्तरवार्ता*

# भूमिबारे निष्कर्षमा पुग्न बाँकी छ



**■ अमृता थापा**

*सभापती, प्राकृतिक स्रोत, आर्थिक अधिकर तथा राजस्व बाँडफाँड समिति*

**तपाईंको समितिको काम कति सकियो ?**

*- केही विवाद भएका विषयमा अझै छलफल भईरहेको छ । टाइप गर्ने जस्ता केही प्राविधिक विषयबाहेक करिब करिब सकियो भन्दा हुन्छ ।*

**विवाद भएकोचाहिं केमा हो ?**

*- शुरुमा भूमिसुधार गर्ने कि नगर्ने भन्नेमै विवाद आयो । अहिले जमिनदारबाट हदबन्दीभन्दा बढीको जमिन राज्यले लिँदा क्षतिपूर्ति दिने कि नदिने भन्नेबारे एक मत हुन सकेको छैन । त्यसरी नै प्राकृतिक स्रोतको उपयोगमा प्राथामिकता कि अग्राधिकार भन्ने विषयमा पनि निष्कर्षमा पुग्न सकिएको छैन ।*

**अग्राधिकार भन्नाले ?**

*- प्राकृतिक स्रोत जल, जमिन, जंगल, खानी लगायतमा उपभोग, लगानी र प्राप्त प्रतिफलको बाँडफाँडमा स्थानीय समुदायको सार्वभौम अधिकार नै अग्राधिकार हो । प्राकृतिक स्रोतको उपयोग तथा संरक्षण गर्दा स्थानीय समुदायको आवस्यकता र प्रतिफलमा त्यहीँका जनताको पहिलो हक लाग्नुपर्छ भन्ने कुरालाई हामीले प्राथमिकता दिन खोजेका हौं ।*

**टुङ्गो नलागेका विषयमा कसरी निष्कर्षमा पुग्ने त ?**

*- हामी अहिलेसम्म सहमतिबाटै अघि बढिरहेका छौं । यस विषयमा पनि सहमतिकै आधारमा अघि बढ्ने छौं । मलाइ लाग्छ सहमति हुन्छ ।*

**अहिलेसम्मका आधारमा हेर्दा संविधानमा भूमिअधिकारका कुरा कसरी आउने देखिएको छ ?**

*- निष्कर्षमा पुग्ने बाँकी भएकाले यस्तै आउँछ भन्न सकिने अवस्था छैन । केही दिनपछि मात्र थाहा हुन्छ ।*

**तपाईंको पार्टीको भूमिअधिकारसम्बन्धी धारणा के हो ? तपाईंको पार्टी संविधानमा भूमिबारे के आओस् भन्ने चाहन्छ ?**

*- हामी क्रान्तिकारी भूमिसुधार हुनुपर्छ भन्छौं । भूमि प्राकृतिक साधन भएकाले यो राज्यको अधीनमा हुनुपर्छ भन्ने हाम्रो मान्यता हो । भूमि संग सिंगो आर्थिक, सामाजिक, संरचना र शक्ती सम्बन्ध जोडिएकाले यसलाई व्यक्तिगतरुपमा मात्र बुझ्ने कुरा गलत हो भन्ने हामीलाई लाग्छ ।*

**तपाईंहरुले राख्न चाहेको कुराचाहिं के हो ?**

*- हामी कुनै पनि योजनामा स्थानीय जनतालाई अग्राधिकार दिनुपर्छ भन्नेमा छौं । प्राकृतिक स्रोतमा स्थानीयकै हक अधिकार पहिलो सर्त हुनुपर्छ भन्ने हाम्रो भनाइ छ । कानुनले निर्धारण गरेको हदभन्दा माथीको जमिन विना क्षतीपूर्ती राज्यले गरिव भूमिहिन किसानलाई पुर्नवितरण गर्नु पर्छ भन्ने हाम्रो अडान हो ।*

**तपाई र तपाईंको पार्टीले चाहेजस्तो भूमि नीति संविधानमा लेखिएला त ?**

*- निष्कर्षमा नपुगेकाले अहिले नै यसै भन्न सकिन्न । तर हामी प्रयासरत्‌चाहिँ छौं । यसमा जनता पनि सचेत बनेर निरन्तर निगरानीमा जुट्नु पर्दछ ।* ●

खासगरी भूमिसुधार गर्ने कि नगर्ने, हदबन्दीभन्दा बढीको जमिन जमिनदारबाट लिँदा क्षतिपूर्ति दिने कि नदिने जस्ता सवालमा यतिखेर प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिमा गरमागरम बहस भइरहेको छ । समितिका सांसदबीच नै यस्ता मुद्दामा एक मत हुन सकेको छैन । जसले गर्दा कतै भूमिसुधार गर्ने कुरामा यो संविधान पनि चुक्ने त हैन भन्ने शङ्का पनि पीडितमाझ उठेको छ ।

यतिबेला मुलुक समस्यै-समस्याले जेलिएको छ । गरीब र धनी तथा हुने र नहुनेका बीच खाडल झन् झन् गहिरिँदो छ । पछाडि पारिएकाहरुको स्थिति सुधिनुको सट्टा झन् दयनीय हुँदै गएको छ । यसको मुख्य कारण प्रकृतिप्रदत्त स्रोतमा समान पहुँच नहुनु नै हो । यसमा पनि भूमि वितरणमा भएको असमानता मुख्यरुपमा जिम्मेवार छ ।

एकातर्फ जसको भूमि छ, उसलाई नै राज्यले नीति निर्माणदेखि शासनसत्ता हुँदै विभिन्न अवसर उपलब्ध गराउने रणनीति अख्तियार गरेको इतिहास छ भने अर्कोतर्फ त्यो अवसरबाट वञ्चितलाई सधैं पाखा लगाउने स्थिति पनि उसैले निर्माण गरेको छ । राज्यप्रदत्त सुविधाहरु भूमिवालालाई पोस्ने हिसावले बनाइएका वा घोषित गरिएका छन् भने जसलाई भूमिबाट वञ्चित गराइएको छ, उसैलाई अन्य सुविधाबाट पनि वञ्चित गराउने खेल त्यतिबेलैदेखि जारी छ । यसरी कसैलाई मालामाल बनाउने, कसैलाई भने बेहाल बनाउने षडयन्त्र राज्यले नै सुरु गर्‍यो, जुन यद्यपि

**जनआवाज**

# आगामी संविधानमा के चाहन्छन् पीडित किसान ?



■ **दण्ड प्रसाद शर्मा**
बाँके

- *पहिलो कुरा त जमिन सम्पत्तिका रुपमा राख्न नपाउने व्यवस्था हुनुपर्छ । घर, धनमाल मौलिक हकअन्तर्गतको सम्पत्तिका रुपमा व्याख्या हुनुपर्छ तर जमिन यसभित्र पर्नुहुँदैन । जमिन पनि राख्न पाइने व्यवस्थाले उसलाई शक्तिशाली बनाउँछ, जुन शोषण गर्ने माध्यम पनि बन्छ । यही कारण भूमिसुधार गर्न पनि राज्यलाई कठिनाइ हुन्छ ।*
- *अहिले जमिनदारबाट लिइने जमिनको क्षतिपूर्ति दिने कि नदिने भन्ने कुरामा विवाद भइरहेको छ । यसबारे दुई पक्षबाट हेरिनुपर्छ । एक- जसले विर्ता, जागिर आदिका नाममा शासकहरुबाट सित्तैंमा जमिन पाएको छ वा आफ्नो शक्ति दुरुपयोग गरेर जमिन प्राप्त गरेको छ, उसको जग्गा लिइँदा क्षतिपूर्ति दिइनुहुँदैन । तर जसले श्रम गरेर जोडेको छ, उसको जमिन लिइँदा भने क्षतिपूर्ति दिइनुपर्छ । जसले अन्य पेशामा लागे पनि त्यही जमिनको आयबाट समेत बाँचेको छ, उसका सन्दर्भमा विशेष व्यवस्था गरिनुपर्छ । जस्तो- उसलाई जीविकोपार्जनका लागि अन्य व्यवस्था गर्न सकिन्छ ।*
- *द्वैध स्वामित्व अन्त्यका सन्दर्भमा पनि संविधानमा उल्लेख हुनुपर्छ । अहिले कानूनमा द्वैध स्वामित्व हटिसकेको भए पनि व्यवहारमा कायम छ । जग्गा कमाइरहे पनि त्यसमा कमाउनेको स्वामित्व नहुँदा उनीहरु मर्कामा परेका छन् । बाँकेमा मात्र १४ हजार बेदर्तावाल मोही छन् । कुनै प्रमाण नहुँदा उनीहरुले जमिन छाड्नुपर्ने अवस्था छ । यसमध्ये आधालाई त जमिनदारले कमाइरहेको जमिनबाट हटाइसके । यसरी जमिन लिएर उनीहरु धमाधम ठेक्कामा दिन थालेका छन् । त्यसैले स्थानीय सर्जमिनका आधारमा छिनोफानो हुनेगरी बेदर्तावाल मोहीलाई हक दिलाउनुपर्छ । अनि जमिन ठेक्कामा दिन नपाउने व्यवस्था गरिनुपर्छ ।*
- *भूमिअधिकारसम्बन्धी सबै अधिकार स्थानीय निकाय गाविसलाई दिनुपर्छ । गाउँका पीडित जिल्ला, क्षेत्र र केन्द्रसम्म पुग्न नसक्ने भएकाले उनीहरुका सबै सवाल स्थानीय तहमै टुङ्ग्याउने व्यवस्था गरिनुपर्छ ।- सबै जग्गा राज्यले लिने र जोताहाको हक संरक्षण गर्ने हो भने जग्गाधनी र जोताहाबीच झगडा नै पर्दैन । त्यसैले यस्तो व्यवस्था गर्नुपर्छ । अनि किसानका लागि कति जमिन आवश्यक पर्छ भन्नेबारे राज्यले नै किटान गर्छ र गरिखान जमिन पनि उपलब्ध गराउँछ ।*
- *मालपोत, भूमिसुधार, नापी जस्ता कार्यालय केही सिमत व्यक्तिको आय-आर्जन कार्यालयका रुपमा प्रयोग गरिएका छन् । यिनलाई भूमिअधिकारबाट पीडितलाई न्याय दिलाउने कार्यालयका रुपमा रुपान्तरण गरिनुपर्छ । यी कार्यालयका प्रशासन र कर्मचारीलाई पारदर्शी र सक्रिय बनाइ सकभर चाँडो पीडितलाई न्याय दिलाउने कार्यमा अग्रसर गराइनुपर्छ ।*

जारी छ ।

यस्तो अवस्थामा अब बन्ने संविधानले भूमि, खाद्य र न्यायको अधिकार शुनिश्चित हुने मात्र गरिबहरुको छ । तर अझै पनि विश्वास गरिहाल्ने वा भूमिअधिकारबाट वञ्चितहरुका पक्षमा संविधानका धाराहरुले वकालत गरिहाल्ने वातावरण भने बन्न सकेको छैन । तर आफू जनताका पक्षमा छौं, गरीब र किसानका पक्षमा छौं भनेर दाबी गर्ने दलहरुको बाहुल्यता भएकाले केही हुन्न भनेर निराश हुनु पर्ने स्थिति भने छैन ।

वर्षौंदेखि जमिन जोत्दै आएका र त्यसैमा परिश्रम गर्दै परिवारको मुख जोर्न सकेका व्यक्ति आज प्रमाणका अभावमा त्यसै जमिनबाट हात धुन बाध्य छन् । त्यस्ता जमिनमा राज्यले खोजेका प्रमाण न हिंजो उनीहरुले जुटाउन सके, न अब जुटाउन नै सक्छन् । यस्तो अवस्थाबाट भूमिअधिकारबाट बञ्चितलाई पार लगाउन संविधानले विशेष व्यवस्था गर्नुपर्ने आवश्यकता छ ।

लेखिदैं गरेको संविधान गरीब जनताको पनि संविधान बनाउन गरिव जनताको भूमि अधिकारको ग्यारेण्टी यो संविधानले गर्नै पर्दछ । यसो भएन भने यो आधारभूत तहका मेहेनती जनताको संविधान हुन सक्दैन् । कुनै बेला राणा वा शाह तथा अन्य शासकहरुलाई कसैले कुनै प्रकारले खुशी पारेवापत बोलिदिएका भरमा विगाहाका विगाहा जमिन हात पार्नेहरु अझै पनि सामन्तका रुपमा अट्टहाँस गरिरहेका छन् ।

न उनीहरु खेती गर्छन्, न जमिन नै छाड्छन्, यस्ता जमिन ती जोताहा, जसले वर्षौंदेखि यसैमा पसिना बगाउँदै आएका छन्, तिनीहरुलाई दिन कन्जुस्याइँ गर्नु आवश्यक छैन । जसरी आयो, उसैगरी जानु सृष्टिको नियम नै हो । यसमा अन्यथा सोचिरहनुपर्ने आवश्यकता छैन । न यसबाट कसैलाई मर्का पर्ने स्थिति नै छ ।

विर्ता, खान्गी, रकम, जागिर जस्ता विभिन्न नाम उपनामधारी यस्ता जमिनले गरिखाने वर्गको शोषणमात्र गरेको छ । हुने र नहुने दुई वर्गमा जनतालाई विभाजन गरेको छ । शोषक र शोषितका रुपमा किसानको भोको पेट काटेर मालिकले रजाइँ गर्ने काम भएको छ । यस्तो जमिनमा जोताहाको स्वामित्व कायम नहुन्जेल न मुलुक लोकतान्त्रिक भन्न मिल्छ, न यहाँ सामाजिक न्यायको नारा नै फलाक्न मिल्ने अवस्था आउँछ ।

अर्कोतिर हजारौं रोपनी गुठीका जमिन किसानले जोतभोग गरिआएका छन् । उनीहरु रातोदिन श्रम गर्छन् र त्यहाँबाट उब्जेको अन्न कुतका रुपमा बुझाउँछन् । आफ्ना छोराछोरीको पेट भोको राखेर वर्ष दिनको कमाइ अरुलाई बुझाउँछन् तर त्यसरी बुझाएको अन्न कहाँ जान्छ, त्यो कसले खान्छ, त्यसबाट के गरिन्छ, त्यसरी बुझाउनु आवश्यक थियो कि थिएन जस्ता यावत् प्रश्नका उत्तरबाट समेत ऊ वञ्चित छ ।

धर्मका नाममा केही व्यक्तिलाई मोजमस्ती गर्न धेरैले पसिना चुहाउनुपर्ने व्यवस्था कुनै पनि हिसावले उपयुक्त हुन सक्दैन । त्यसैले यस्ता थामिनसक्नुका पर्व बन्द गर्ने वा त्यसलाई सुधार गर्ने र त्यसका लागि गरीब किसानको पसिना आवश्यक नपर्ने व्यवस्था जरुरी छ । गुठी जमिन जसले कमाएको छ, सामान्य शुल्क लिएर उनै किसानलाई दिन ढिला भइसकेको छ ।

**जनआवाज**

# भूमिअधिकार कार्यकर्ताको माग



■ **गुञ्ज खड्का**, *महोत्तरी*

**अब बन्ने संविधानमा निम्न कुरा समेटिनु जरुरी छः**

- *जमिनको पुनर्वितरण जरुरी छ । जमिनमै आश्रित हुनेलाई पुनर्वितरण प्राथमिकता दिनुपर्छ । जमिनबाट अन्यत्र पेशा परिवर्तन गरेमा उसलाई बासमात्र उपलब्ध गराउने व्यवस्था हुनुपर्छ ।*
- *विभिन्न उद्योगधन्दाका नाममा बाँझो राखिएका जमिन राज्यले लिनुपर्छ । हदबन्दीभन्दा बढी जमिन विना क्षतिपूर्ति लिइनुपर्छ । र, जसलाई खेती गर्न आवश्यक छ, उसले कर तिर्नेगरी लिन पाउने व्यवस्था हुनुपर्छ ।*
- *जमिन घटाउने, बढाउने गर्न सकिन्न, त्यसैले यस पेशाबाट विस्तार जनशक्तिलाई उद्योगतिर लाग्न प्रोत्साहित गरिनुपर्छ । भूमिलाई निजी सम्पत्ति नबनाउँदासाथ यस पेशाबाट मानिस विस्तार उद्योग व्यवसायतिर आकर्षित हुन्छन् पनि ।*
- *बहुराष्ट्रिय कम्पनीहरुलाई भूमि दिइनुहुन्न । यसरी दिन थालियो भने उनीहरु पैसा तिर्न सक्छन्, त्यसैले नेपालका सबै जमिन किनिदिन्छन् । बरु यसका ठाउँमा राष्ट्रिय पुँजीपतिलाई प्रोत्साहित गर्नुपर्छ ।*
- *भूमिलाई व्यावसायिकीकरण गरिनुपर्छ । विभिन्न सुविधा उपलब्ध गराउने र आधुनिकीकरण गर्न सघाउने वातावरण तयार हुनुपर्छ ।*
- *भूमिबाट अन्य क्षेत्रमा रुपान्तरण हुन खोज्नेलाई राज्यले त्यहीअनुसारको सुविधा दिएर प्रोत्साहित गर्नुपर्छ ।*

यसबाहेक भूमिसुधार हुन नसक्दा उब्जेका हरुवा-चरुवा, हलिया, कमैया, कमलरी, बालिघरे जस्ता कुप्रथा अन्त्यका लागि संवैधानिक पहल जरुरी छ । यसका लागि संविधानले नै स्पष्ट व्यवस्था गरेर तिनलाई सदाका लागि निर्मुल गरिएन भने कुनै न कुनैरुपमा मुलुकमा दासप्रथा कायमै रहिरहनेछ ।

हजारौं जमिन एकातिर जमिनदारले मिचेर खाइरहेका छन् भने अर्कोतिर कैयौं भूमिपीडितले आश्रय पाउन सकिरहेका छैनन् । एकातिर खाद्यान्न अभावले थुप्रै गरीब भोकै पर्नुपर्ने अवस्था छ भने अर्कोतर्फ उद्योगधन्दा, विद्यालय आदिका नाममा बाँझो राखिएका जमिन अनुत्पादक बन्दै त्यत्तिकै थन्किरहेका छन् । एकातिर खेती नगर्नेसँग थुप्रो जमिन छ भने अर्कोतिर जसको कर्म नै खेती छ, ऊसँग जमिनको स्वामित्व नै छैन । यसैगरी एकातिर शासनसत्तामा जमिन हुनेकै पहुँच छ भने अर्कोतिर जमिन नहुनेको कतै पनि कुनै भूमिका वा पहुँच छैन ।

यस्तो अवस्थाले मुलुकमा दुई वर्गका नागरिक जन्माएको छ । जसको जमिन छ, ऊसँग सबै चिज हुने र जोसँग जमिन छैन, ऊसँग केही पनि छैनको अवस्था राज्यले नै सिर्जना गरेको छ । पर्ति, ऐलानी जमिनमा भूमिहीनले छाप्रो हालिहाल्यो भने पनि त्यहाँ बत्ती बाल्न, धारो हाल्न भूमि पूर्जा चाहिने व्यवस्था राज्यले अनिवार्य गरेको छ एकातिर भने अर्कोतिर तिनीहरुलाई भूमिहीन बनाइरहने प्रपञ्च पनि उसैले खडा गरेको छ ।

अनि नागरिकता र जमिन पूर्जालाई पनि एकापसमा अन्तरसम्बन्धित गराइएको छ । एउटा लिन अर्को चाहिने व्यवस्था गरिएको छ । यस्तो अवस्थामा बन्दै गरेको संविधानले गरीब र पीडित भूमिहीनका सवालमा बोलेन भने भूमिअधिकारबाट वञ्चितहरुले फेरि अर्को आन्दोलन गर्नुको विकल्प देखिन्न ।

हुन त यसअघिका संविधानहरुले पनि भूमिसुधारका कुरा उल्लेख गर्ने गरेका छन् । त्यसैगरी विभिन्न कानून, नियम, घोषणा, बजेट, नीति तथा कार्यक्रम आदिले पनि भूमिका कुरा उठाउन छाडेका देखिन्न । मुलुक सङ्घीय गणतन्त्रात्मक घोषणा भइसकेपछि अर्थात् राजतन्त्रको पतनपछि बनेको अन्तरिम संविधानले पनि भूमिसुधार गर्ने कुरा उल्लेख गरेको छ । २०६३ मा बनेको अन्तरिम संविधानले 'सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गरिनेछ । सुकुम्बासी, कमैया, हलिया, हरुवाचरुवालगायत्का आर्थिक सामाजिकरुपले पछाडि परेका वर्गलाई जग्गालगायत् आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिइनेछ' भन्ने उल्लेख गरेको छ ।

अर्को महत्वपूर्ण कुरा नीति, घोषणा आदिमा उल्लेख गर्ने तर व्यवहारमा भने कहिले पनि नउत्रिने रोगबाट यी सबै बिमारी छन् । कार्यान्वयनमा नआउने यही ग्रस्तताबाट उपचार पनि उत्तिकै जरुरी पाटो हो । जसलाई संविधानले निरुपण गर्न सक्छ । कार्यान्वयनविनाको नीति, घोषणा आदिले जनतालाई सरकार र उसका कार्यक्रमप्रति वितृष्णा उत्पन्न गराउनमात्र सहयोग पुर्याउँछ । लोककल्याणकारी राज्य व्यवस्थाले जनतालाई निराश तुल्याउन तथा झुक्याउन हुँदैन ।

सरोकारवालाहरुको पनि यो संविधानप्रति निकै चासो देखिन्छ । महोत्तरीका भूमिअधिकार कार्यकर्ता गुञ्ज खड्का जमिन प्राकृतिक स्रोत भएको र उत्पादनको साधन भएकाले यसलाई प्रयोगका हिसावले संविधानले हेर्नुपर्ने भनाइ राख्छन् । उनका अनुसार यसमा बुद्धि र विवेक प्रयोग गर्नुपर्छ । धन्दाका नाममा जमिन बाँझो राख्न नपाइने व्यवस्था हुनुपर्नेमा जोड दिने उनी जमिनको पुनर्वितरण पनि उत्तिकै जरुरी ठान्छन् । यसैगरी बहुराष्ट्रिय कम्पनीहरुलाई कुनै पनि नाममा जमिन उपलब्ध गराइन नहुने कुरालाई संविधानले नै प्रत्याभूत गर्नुपर्ने भनाइ पनि उनको छ ।

यसैगरी बाँकेका भूमिपीडित कृषक दण्डप्रसाद शर्मा जमिनलाई सम्पत्तिका रुपमा राख्न नपाउने व्यवस्था हुनुपर्नेमा जोड दिन्छन् । उनका अनुसार शासकले खुशी भएर सित्तैंमा दिएका जग्गा लिंदा राज्यले क्षतिपूर्ति नदिइ लिनुपर्छ भने परिश्रम गरेर जोडेको जमिन लिंदा भने क्षतिपूर्ति दिने व्यवस्था संविधानले गर्नुपर्छ । यसैगरी किसानको पक्षमा नियमहरु बनाएर बल्ल द्वैध स्वामित्व अन्त्य गर्नुपर्ने र भूमिसम्बन्धी सम्पूर्ण अधिकार गाविसलाई दिनुपर्ने माग पनि उनको छ ।

उता प्राकृतिक स्रोत समितिकी संयोजक अमृता थापाको भनाइ अनुसार राज्यले क्रान्तिकारी भूमिसुधार गर्नुपर्छ र प्राकृतिक स्रोतसाधनमा स्थानीय जनताको अग्राधिकार हुनुपर्छ । कुनै पनि विकास निर्माण सुरु गर्दादेखि नै स्थानीयलाई संलग्न गराउनुपर्ने भनाइ उनको छ । यसलाई व्यक्तिगत सम्पत्तिका रुपमा लिन नहुने र यो उत्पादनको साधन भएकाले त्यहीअनुसार व्यवस्थापन गरिनुपर्ने भनाइ पनि उनको छ ।

भूमिअधिकार कार्यकर्ता मञ्जु वि.क. भने भूमिका हरेक मुद्दामा लैङ्गिक आधारले पनि हेर्नुपर्ने भनाइ राख्छिन् । पुरुषले महिलामाथि गर्ने भेदभाव र अपमान भूमिमा स्वामित्व नहुनुकै कारण हो भन्दै उनी भन्छिन्- भूमिमा महिला स्वामित्व जसरी पनि संविधानले उल्लेख गर्नुपर्छ । शिक्षा, चेतना, विविध अन्य कार्यक्रम राखेर महिला सशक्तिकरण गर्नुपर्ने र भूमि तथा अन्य सम्पत्तिमा महिलाको बराबरी हक कायम गराउन संविधान लागिपर्नुपर्ने भनाइ पनि उनको छ ।

समग्रमा भन्नुपर्दा बन्दै गरेको संविधानले भूमिअधिकारबाट वञ्चितको अधिकार सुनिश्चित गर्न सक्नुपर्दछ । जो सदियौंदेखी ठगिएका छन् र नयाँ संविधानबाट आफुहरुको जिवनमा काँचुली फेरिने अपेक्षा पालेर बसेका छन । उनीहरुलाई यो तिमीहरुको पनि संविधान हो भन्ने पार्न सक्नुपर्छ । त्यसो भयो भनेमात्र लाखौंको सङ्ख्यामा रहेका भूमिहीन नयाँ नेपाल निर्माणको महायज्ञमा सक्रिय सामेल हुन सक्छन् । नत्र बाटो बिराएर अर्को विद्रोहका तयारीमा लाग्ने स्थिति आउन सक्छ, जुन नेपालका लागिमात्र नभएर सभ्य भनाउँदो विश्वका लागि पनि लाजमर्दो विषय हुन सक्छ ।

# नछेकोस् भूमिसुधारलाई
# नयां संविधानले



■ सोमत घिमिरे
ghimiresomat@gmail.com

संविधानसभाको निर्वाचनपछि नेपाली राजनीति संविधान निर्माण प्रक्रियामा ढिलै भए पनि लागिरहेको छ । राजनीतिक खिचातानीले संविधान कहिले बन्छ ? कस्तो बन्छ ? कसको स्वार्थ रक्षा गर्ने भन्ने चित्र अत्यन्तै धुमिल छ तर पनि सहरिया र एकखाले मध्यम वर्ग संविधानमा आफ्ना कुरा कसरी पार्ने भनेर लागिरहेका छन् ।

संविधानमा आफ्ना कुरा पार्न काठमाडौंका होटलमा दिनका कति गोष्ठी हुन्छन् भन्ने कुरा गणनाभन्दा बाहिर छ । काठमाडौंका होटलका गोष्ठी संविधानमय भए पनि नेपालको राजनीतिले उपेक्षित बनाएका भूमिहीन, सीमान्तकृत समूह, ग्रामीण भेगका गरीब फेरि पनि अर्काले बनाइदिएको संविधान कहिले र कस्तो आउला भनेर पर्खिरहेका छन् ।

संविधान निर्माणको बहस पढे-लेखेका उच्च र मध्यम वर्गकै कब्जामा छ । यतिखेर के कुरा संविधानमा लेख्ने हो, के कुरा ऐनमा लेख्ने हो, के कुरा नियमावलीमा लेख्ने हो भन्ने कुरा छलफल छैन । सबै क्षेत्र र समूहलाई आफ्ना कुरा संविधानमा नै चाहिएको छ ।

भूमिसुधारको सवालमा संविधानमा के पर्नुपर्दछ भन्ने कुरामा पनि बहस चलिरहेको छ तर यो लेख यो बहसको उल्टोबाट अर्थात् संविधानले भूमिसुधारका सवालमा के के कुरा छेक्न हुँदैन भन्नेमा केद्रित छ । के लेखिनुपर्दछ, कुन भाषामा लेखिनुपर्दछ त्यो संवैधानिक कानुनका व्याख्याताहरुको खेलो होला तर एउटा नागरिकका हिसावले आगामी दिनको भूमिसुधारको मार्गचित्रलाई अहिलेको संविधानले छेक्न हुँदैन । यस्तो विश्लेषणमा पुग्नुको अर्थ हो-भूमि सुधारका सवालमा यस संविधानमा धेरै कुरा पर्ने छैन । भोलिका लागि बाटो खोलिदिए पनि ठूलो गुन हुनेछ ।

अहिलेको भुमण्डलीकरण, उदारीकरण र ठूला ब्याङ्कहरुको खेलले राज्यले व्यक्तिको सम्पत्ति छुन नपाउने कुराको वकालत गर्दछ । सिङ्गो बजार यसैका पक्षमा छ । विश्व ब्याङ्कको दलाली गर्नेहरु हाम्रो देशमा ठूला देशका ठूला नेता छन् । यस्ता नेताले पनि व्यक्तिको सम्पत्ति राज्यले छुन नपाउने कुराको नै वकालत गर्दछन् तर नेपालको वास्तविक यथार्थता के हो भने यो मान्यताभन्दा उल्टो हो र राज्यले धनीको सम्पत्ति खोस्ने र गरीबलाई बाँड्ने ढोका संविधानले खोलिदिनुपर्दछ । यो ढोका खोलिएन भने लोकतान्त्रिक गणतन्त्रको साइनबोर्डमुन्तिर भूमिसुधारको ऐजेण्डाको हत्या हुनेछ ।

> ***राज्यले धनीको सम्पत्ति खोस्ने र गरीबलाई बाँड्ने ढोका संविधानले खोलिदिनुपर्दछ । यो ढोका खोलिएन भने लोकतान्त्रिक गणतन्त्रको साइनबोर्डमुन्तिर भूमिसुधारको ऐजेण्डाको हत्या हुनेछ ।***

यो हत्या हुने सम्भावना प्रवल छ । मानवअधिकारको मकुण्डोभित्र अन्तर्राष्ट्रिय स्वार्थ समिश्रण गरेर राज्यले खोस्ने र बाँड्ने अधिकार पाएन भने भूमिसुधार गर्ने कुनै सम्भावना रहँदैन । भूमिसुधारको अर्थ जमिन खोस्ने र बाँड्ने मात्रै हैन, राष्ट्रिय अर्थतन्त्रसँग यसको साइनो, उत्पादकत्वमा यसको अर्थ पनि महत्वपूर्ण हो तर मुख्य कुरा असमान वितरणको नै हो । यो असमान वितरण प्रणालीलाई नसच्चाइकन अर्थात् यसलाई सामाजिक न्यायको जगमा नउभ्याउँदासम्म न नेपालको उन्नति र प्रगति सम्भव छ, न त गैससले कुरा गर्ने जस्तो खाद्य सुरक्षाको नै सम्भावना छ ।

अहिले एउटै व्यक्ति जागिरमा छ, ऊसँग जग्गा पनि छ, उस्तै परे सानोतिनो व्यापार-व्यवसाय पनि छ । स्थानीय राजनीतिक सङ्गठनहरुमा पकड पनि छ अर्थात् एउटा व्यक्तिले धेरै सम्पत्ति ओगटेर राखेको छ । उसको जग्गाको उत्पादन छैन, उसले जागिरमा पनि राम्रोसँग काम गरेको छैन किनभने जागिर गए जग्गा छ भन्ने मनोभावनाले सहीरुपमा जागिरे काम पनि गरेको छैन । यस्तो परिस्थितिले जतातती घाटा छ ।

त्यसैले एउटा व्यक्तिलाई रोजगारी वा जग्गा भनेर राज्यले रोजाउन पाउनुपर्दछ । जसले जग्गा रोज्दछन्, त्यसको ठाउँमा केही मानिसलाई रोजगारी बढ्ने सम्भावना भयो, जसले रोजगारी रोज्दछन उनीहरुको जग्गा भूमिहीनलाई उपलब्ध हुने भयो । यस्तो प्रक्रियाले सातओटा कुरालाई एकै चोटि मद्दत गर्दछ । पहिलो त भूमिहीन जग्गाको मालिक भयो, दोस्रो त जग्गाको उत्पादन बढ्ने भयो , तेस्रो भूमिहीन जग्गाको मालिक भइसकेपछि सामाजिक सुरक्षाका कारण उसको आँट बढ्ने भयो, चौथो भूमिहीनलाई समाजले गरेको हेलाँहोचो सम्मानमा फेरिने भयो, पाँचौ यसले स्थानीय र राष्ट्रिय तहमा शक्ति सन्तुलनमा फेरबदल ल्याउने कुरा पक्का छ र छैटौं गरीब बनाइएकाहरुको राजनीतिक नेतृत्व बढ्छ, सातौं जसले रोजगारी छोडेर जग्गामा जान्छन, तिनका ठाउँमा नयाँ मानिसलाई

रोजगारीको ढोका खुल्यो ।

यसमा प्रश्न गर्न सकिन्छ, श्रीमान्‌को रोजगारी छ, श्रीमतीको छैन, यस्तो अवस्थामा श्रीमतीले जग्गा रोजिन् र श्रीमान्‌ले जागिर रोज्यो भने दुईटै उनीहरुको कब्जामा जान सक्छ भन्न सकिन्छ । रोजेर मात्रै पाइने कुरा होइन, यदि श्रीमतीले साँच्चै नै गएर खेती गर्छिन् भने ठीकै छ । तर मानवशास्त्रको हिसावले सम्पत्ति छोड्नका लागिमात्रै श्रीमान्-श्रीमती आजिवन छुट्टिएर बस्न कठिन छ । तर यस प्रक्रियामा महिला सहभागिता भने अनिवार्य छ । भूमिसुधारको बहसमा यो सवालले धेरै ठाउँ पाएको छैन तर यो अत्यन्तै महत्वपूर्ण सवाल हो ।

अहिले बन्ने संविधानले भोलि राज्यले यस्तो रोजाउने अधिकारको ढोका खोल्नुपर्दछ । यस्तो अधिकार कुन सरकारमा राख्ने, केन्द्रीय, राज्य वा स्थानीय सरकार यो बहस गर्न सकिन्छ तर सङ्घीयताको मूल मर्म जतिसक्यो अधिकार तल पुर्‍याउनु हो, यस अर्थमा यो अधिकार स्थानीय सरकारमा नै ठीक हुन्छ । तर यसका लागि स्थानीय सरकारको क्षमता अभिवृद्धिलाई प्राथमिकताको सूचीमा राख्न जरुरी हुन्छ ।

सङ्घीयताको सन्दर्भमा पनि भूमिसुधारलाई हेर्न जरुरी छ । केन्द्रसँग राज्य सरकारलाई भूमिसुधारका लागि बाध्य पार्ने अधिकार रहनुपर्दछ र संविधानले केन्द्रीय सरकारलाई भूमिसुधार नगरी नहुने बाध्यकारी प्रावधान राख्न जरुरी छ । केन्द्रीय सरकारलाई संवैधानिकरुपमा बाध्य बनाएपछि राज्य सरकारको इच्छाको मामलामा छोड्न हुँदैन ।

भारतकै उदाहरण हेर्ने हो भने केरला र पश्चिम बङ्गालले एक हदसम्मको भूमिसुधार गरे तर युपी र बिहारको अवस्था हामीलाई थाहा छ । यदि यस्तो बाध्यकारी प्रावधान राखिएन भने मधेश-तराईमा भूमिसुधार नहुन सक्छ, जहाँ जग्गा अथाह छ र भूमिहीन पनि अथाह अछन् । कर्णाली राज्यमा भूमिसुधारको महत्व त होला तर मधेशको जति महत्वपूर्ण भने छैन । यस्तो दृष्टिकोणबाट हेर्दा संविधानमा राज्य र केन्द्र सरकारलाई बाध्यकारी बनाउन जरुरी छ । यो स्वविवेकको मामलामा राखिनु हुँदैन । नगरी सुःखै नपाइने हिसाबले बाँधेर नै राखिनुपर्दछ ।

नेपालमात्र यस्तो देश हो, जहाँ भू-उपयोग नीति बनेको छैन । खाद्य सुरक्षाबारे होटलमा गोष्ठी गर्दागर्दै रियल स्टेटहरुले सबै ठाउँ घडेरी बनाइसके । उदाहरणका लागि चितवन लिन सकिन्छ ।

यही प्रक्रियाबाट चितवन अगाडि बढ्यो भने त्यहाँ अबका केही वर्षपछि अन्न फल्ने छैन, चितवनमा अब थारु रहने छैनन् । चितवन बाहिरका मान्छेको आराम गर्ने क्रिडास्थल बन्नेछ । यस मान्यताबाट हेर्दा भू-उपयोग नीतिको बाध्यकारी प्रावधान राज्य सरकारलाई राखिनुपर्दछ तर उसले स्थानीय सरकारसँग सहकार्य नगरी भू-उपयोग नीति ल्याउन भने नपाउने हुनुपर्दछ । ●

## हरुवा चरुवाको आन्दोलन

लहान- सिरहा र सप्तरीका करिव २ हजार हरुवा-चरुवा, भूमिअधिकार अभियानकर्ता र भूमिअधिकारबिहीनले दुवै जिल्लाको प्रशासन कार्यालयअघि कालो पट्टी बाँधी १४ असारमा धर्ना बसे ।



आफ्नो अधिकार सुनिश्चितताका लागि कम्तिमा १५ कट्ठा खेतियोग्य जमिन, हरुवा-चरुवाका बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित र सम्पूर्ण ऋण मिनाहालगायत्का माग राखेका थिए ।

धर्नापछि करिव २० हरुवा-चरुवा काठमाडौं आई प्रधानमन्त्री माधवकुमार नेपाललाई असार २८ मा भेटेका थिए । साथै भूमिसुधार तथा व्यवस्थापन मन्त्री र वन तथा भू-संरक्षण मन्त्रीलाई पनि भेटेका थिए ।

प्रधानमन्त्रीले तत्कालै हरुवा-चरुवाको माग सुनिश्चित गर्ने भनी प्रतिबद्धता जनाउनुभएको थियो जसअनुसार सरकारको नीति तथा कार्यक्रम २०६६/०६७ मा केही प्रतिशत बजेट पनि छुट्टयाइएको छ । ●

*-हरुवा चरुवा अधिकार मञ्च, सिरहा र सप्तर*

# विदेशका संविधानमा भूमिसुधार



■ जगत बस्नेत

**नयाँ नेपाल बनाउन नयाँ संविधान लेखिंदैछ । यसका लागि संविधानसभाका ६०१ सदस्य, राजनीतिक दल, सामाजिक सङ्घ/संस्था, नागरिक समाज कसको पक्षमा लेखिन्छ ? सबै आ-आफ्नो तवरले जुटिरहेका छन् । अब लेखिने संविधान गरीब, सुकुम्बासी, मोही, हलिया, हरुवा-चरुवा, कमैया, भरिया, कृषि मजदूरलगायत् अधिकारबाट पाखा लगाइएका समुदायका हितमा नयां संविधान लेखिन्छ वा लेखिदैंन यो प्रश्न आम गरिवहरूमा रहेको छ ।**

संविधानले धनीको मात्रै सम्पत्तिको अधिकारको कुरा गर्छ वा गरीबको सम्पत्तिमाथिको अधिकारको कुरा पनि गर्छ ? यो प्रश्न गरीबको मन मस्तिस्कमा यतिखेर मडारिइरहेको छ ।

नेपालको सन्दर्भमा रुपान्तरणमुखी भूमिसुधारविना गरीबको जीवनमा आमूल परिवर्तन सम्भव छैन तर रुपान्तरणमुखी भूमिसुधारका पक्षमा संविधानले सम्वोधन गर्छ कि गर्दैन ? यदि गरेन भने फेरि पनि संविधान धनीहरुको हितमा मात्र हुनेछ युगौदेखी ठगिएको गरिब फेरी ठगिने छन् ।

संविधानमा भूमि सम्बन्धी कस्तो व्यवस्था गर्ने भन्ने वहश चलिरहेको सन्दर्भमा विभिन्न देशका संविधानले भूमिसुधारलाई कसरी प्राथमिकता दिएका छन् भन्नेबारे यहाँ संक्षेपमा उल्लेख गरिएको छ ।

**गणतान्त्रिक फिलिपिन्सको संविधान** (१९८७)

गणतान्त्रिक फिलिपिन्सको संविधानले कृषक अधिकार अन्तर्गत भूमिहीन, कृषि मजदूर वा मोहीले जोतिरहेको जमिन व्यक्तिगत अथवा सामूहिक रुपमा पाउने व्यवस्था गरेको छ । यसलाई समग्र भूमिसुधार कार्यक्रममा समेटिने पनि उल्लेख छ । त्यसैगरी राष्ट्रले किसान, कृषि मजदुर, जग्गा मालिक साथै सहकारी र अन्य स्वतन्त्ररुपमा रहेका किसानका संस्थाको सहभागितामा भूमी तथा कृषि सम्बन्धी कार्यक्रमको योजना र व्यावस्थापनको सुनिश्चितता गरेको छ । कृषिका निम्ति उचित प्रविधि, अनुसन्धान, आर्थिक सहयोग, उत्पादन, बजार र अन्य सहयोगी सेवा उपलब्ध गराउने पनि जनाएको छ ।

सरकारी मातहतमा रहेको जमिन कृषि क्षेत्र, वन क्षेत्र, खनिज क्षेत्र र राष्ट्रिय संरक्षित क्षेत्रमा विभाजित गरेको छ । कृषि जमिनलाई कानूनीरुपमा त्यसको उपयोगिताअनुसार विभाजन गर्ने, सरकारी अधिकार रहेको छुट्टै जमिन कृषिको निम्ति सीमित गरिने, निजी संस्था वा संस्थानले त्यस्ता जमिन २५ वर्ष ननाघ्ने गरी हजार हेक्टरसम्म भाडामा लिन पाउने व्यवस्था गरेको छ ।

**बुर्किनो फासोको संविधान** (१९९१)

यो संविधानले कुनै प्रकारका लैङ्गिक विभेद नहुने निश्चित गरेको छ । यसअन्तर्गत महिला र पुरुषको जमिन पाउने र प्रयोग गर्ने समान अधिकार छ तर जमिनको भने उपयुक्त र प्रभावकारी प्रयोग भएको हुनुपर्नेछ ।

**इरिट्रिया**

जमिन राष्ट्रको पूर्ण अधिकारमा रहनेछ । जनताले घर बनाउन, उब्जनी गर्न वा दुवै गर्न आफ्नो गाउँ वा अरु ठाउँमा जमिन पाउने अधिकार पनि सुनिश्चित गरिएको छ । यसका लागि लिङ्ग, जाति, वर्ग आदि आधारमा भेदभाव गरिने छैन । १९९४ मा इरिट्रियाको स्वतन्त्र सरकारले भूमिसम्बन्धी घोषणा गरेको थियो । जसले जमिनमाथि महिलाको पूर्ण अधिकार निश्चित गरेको छ ।

**इथियोपिया**

१९९५ को संविधानअनुसार सबै इथियोपियाली जनतामा लिङ्ग, रङ्ग, जाति वा राष्ट्रियताका आधारमा भेदभाव हुने छैन । ग्रामीण र शहरी जमिन र सबैखाले प्राकृतिक स्रोतको स्वामित्व, जमिन पूर्णरुपमा राष्ट्रको मातहतमा भएकाले कोही पनि इथियोपियाली जनताले बेच्न वा कुनै प्रकारको कारोबार गर्न पाउने छैनन् । किसानले कुनै मूल्य नतिरी जमिन पाउँछन् र आफ्नो जमिनबाट विस्थापित हुनुपर्दैन । सरकारले निजी लगानीकर्तालाई भने कानुनबमोजिम मूल्य तिरेर जमिन उपयोग गर्न पाउने अधिकार प्रदान गरेको छ ।

त्यसैगरी प्रान्तिय सरकारले आफ्नो सामाजिक, आर्थिक अवस्था र संविधानको प्रावधानअनुसार आफ्नो क्षेत्रमा भूमिसुधार ऐन बनाउन सक्नेछ । महिलाले सम्पत्ति

राख्न, उपयोग गर्न र बदली गर्न पाउने छन् । विशेषरुपमा उनीहरुको जमिनको उपयोग, नियन्त्रण र बदली गर्न पाउने छ ।

**मोजाम्बिक**

संविधानले जमिन र अरु प्राकृतिक स्रोतको दिगोपना र समतामूलक उपयोग र सँगसँगै लगानीका निम्ति मोजाम्बिकका जनताको अधिकार सुनिश्चित गरेको छ । यो नीतिले उपभोग अधिकार र हस्तान्तरणको अधिकार दिएको छ तर बेच्न र ठेक्का गर्ने अधिकार दिएको छैन ।

**सोमालिया**

सबै जनताले कृषि जमिन अथवा बसोबासका निम्ति जमिन राख्न, कानूनीरुपमा किन-बेच गर्ने अधिकार पाउँछन् । सङ्घीय सरकारले सामान्य भूमि नीति बनाउन सक्नेछ तर निश्चित भू-भाग वा निश्चित खण्डको जमिनसम्बन्धी प्रावधान भने क्षेत्रीय प्रशासनले गर्नेछ ।

**दक्षिण अफ्रिका**

दक्षिण अफ्रिकाको संविधानमा राज्यले जमिनमाथि जनताको समतामूलक पहुँच पाउन सक्ने उचित कानुन र अरु उपाय बनाउनुपर्ने उल्लेख छ । त्यसैगरी कुनै व्यक्ति वा समुदायको पहिला रहेका जात विभेदी कानुन वा अभ्यासले गर्दा कानूनीरुपमा उसले भोग गरिरहेको जमिन असुरक्षित हुन आएमा जमिन उसैलाई दिने, सुरक्षित पार्ने वा पुनःविचार गर्नुपर्ने व्यवस्था छ ।

**मेक्सिको को संविधान** (१९१७)

राज्यभित्रका जमिन तथा जलको स्वामित्व पूर्णतः राज्यमा नै निहित हुन्छ र यो अधिकार व्यक्तिगतरुपमा जमिनमा श्रम गर्नेलाई हस्ताण्तरण गरिएको हुनेछ, जसबाट निजी सम्पत्ति स्थापना हुन्छ । कानुनीरुपमा सरकारी जग्गा र जलको स्वामित्व पाउनका लागि भने केही प्रावधान राखिएको छ । भूमिसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न छुट्टै संस्थाहरु पनि गठन गरिएका छन् ।

**भारतीय संविधान** (१९५०)

भारतीय संविधानले प्राकृतिक स्रोतमा सबैको समान हितलाई नजर गर्दै स्वामित्व दिँदै वितरण गरिने उल्लेख गरेको छ भने आर्थिक प्रणालीको सञ्चालन साझा विकासको हितविपरित धन सम्पत्ति र उत्पादनमा मात्र केन्दित नगरिने जनाएको छ । त्यसैगरी भारतको सर्वोच्च अदालतको घोषणाअनुसार यो संविधानले स्थापना गर्न खोजेको सामाजिक न्याय र आर्थिक उन्नतिको विकास सुनिश्चत गर्न कृषिजन्य कार्यलाई मौलिक हकका रुपमा स्थापना गरिने उल्लेख छ ।

***नयाँ नेपालको नयाँ आर्थिक व्यवस्था, सामाजिक न्याय, जीविका सुरक्षा र मानवअधिकारको संरक्षणका लागि संवैधानिक व्यवस्था जरुरी देखिन्छ । नेपाल जस्तो कृषिप्रधान देशका लागि भूमि महत्वपूर्ण स्रोत हो ।***

भूमिसुधारका पक्षमा गरिएका विभिन्न संशोधनका विपक्षमा अदालतमा थुप्रै मुद्दा दायरा भएका थिए । पर्याप्त क्षतिपूर्ति नदिएको र यसले संविधान उल्लङ्घन गरेको उनीहरुको दाबी थियो । तर संशोधनले पर्याप्त क्षतिपूर्तिविना नै भूमिसुधारको पक्षमा कानुन बनाउन सकिने उल्लेख गरेको थियो ।

यसरी भारतीय संविधानमा भूमिलाई मौलिक हकमा राखिएकोमा अदालतले कुनै पनि भूमिसम्बन्धी मुद्दाबारे निर्णय लिन नसकेकोले सन् १९७१ मा यसमा अर्को दफा थपेर क्षतिपूर्तिविना नै राज्यले जमिनदारबाट जमिन लिन सक्ने प्रावधान बनायो । जसले पश्चिम बङ्गाल र केरलाको भूमिसुधार सम्भव बनायो । यही कारण यी दुई राज्य सन् १९८३ देखि ९० सम्म विश्वका सबै राज्यभन्दा उत्कृष्ट रहन सके । भूमिसुधारका माध्यमबाट आर्थिक रुपान्तरण यसको प्रमुख कारण थियो ।

**अन्तमा,**

कृषि अर्थतन्त्रमा आधारित नेपालको आर्थिक क्रान्तिको मूल आधार रुपान्तरणमुखी भूमिसुधार नै हो । जसअन्तर्गत भूमिको पुनर्वितरण, कृषि सहयोग तथा कृषि न्याय र भूमि प्रशासनको रुपान्तरण पर्दछन् । त्यसैले संवैधानिकरुपमै यी कुराको संविधानमा व्यवस्था हुनु आवश्यक छ । संवैधानिक आधारमा नै अहिले बोलिभिया, फिलिपिन्स, भेनेजुयला, दक्षिण अफ्रिका आदि देशमा भूमिसुधार कार्यक्रम तीव्ररुपमा अगाडि बढेका छन् भने जापान, ताइवान, दक्षिण कोरिया र पश्चिम बङ्गालमा पनि संवैधानिक व्यवस्थाको आधारमा नै गरीबहरुको पक्षमा भूमिसुधार भएको थियो ।

संवैधानिक व्यवस्था नहुँदा जमिनदार, विदेशी कम्पनी र सम्पन्न वर्गले राजनीतिक पार्टी तथा सरकारको भूमिसुधार गर्ने तीव्र इच्छा भए पनि गर्न नदिएको ल्याटिन अमेरिकन देशका अनुभवले देखाएका छन् । त्यसैले नयाँ नेपालको नयाँ आर्थिक व्यवस्था, सामाजिक न्याय, जीविका सुरक्षा र मानवअधिकारको संरक्षणका लागि संवैधानिक व्यवस्था जरुरी देखिन्छ । नेपाल जस्तो कृषिप्रधान देशका लागि भूमि महत्वपूर्ण स्रोत हो ।

ग्रामीण क्षेत्रका लागि सुरक्षित बास र खेतीयोग्य जमिनको स्वामित्व र पहुँच नै आधारभूत मानवअधिकार हो । मानवअधिकारको रक्षा सामाजिक न्यायका लागि पनि भूमिसुधार आवश्यक छ । भूमिसुधार लोकतन्त्रको आधार पनि हो, नेपालको औद्योगिकीकरणको आधार पनि हो, त्यसैले संवैधानिक प्रावधानविना नेपालमा न्यायिक भूमिसुधार सम्भव छैन । ●

*(यस लेखका लागि स्वदेशी तथा विदेशी लेख, किताव आदि स्रोत सन्दर्भका रुपमा प्रयोग गरिएको छ )*

# संविधानमा
# भूमि र महिला



■ शशिकला दाहाल

**भूमिमा महिला अधिकार भनेको जग्गाधनी प्रमाणपूर्जा प्राप्त गर्नेमात्र नभएर व्यवहारमै महिलाले भूमिको उपभोगसम्बन्धी निर्णय लिन सक्ने, उक्त भूमिमा के गर्ने, के नगर्ने, नियन्त्रण र बेचबिखनको अधिकारसमेत आफैमा हुने अवस्था हो ।**

जसअन्तर्गत जमिनमा कस्तो बालिनाली लगाउने, उत्पादन बढाउन के/कस्ता उपाय गर्ने ? कति लगानी गर्ने आदि निर्णयको अधिकार पनि महिलामा नै हुनुपर्दछ ।

विगतदेखिकै कानूनमा सबैलाई समान दृष्टिले हेरिनेछ भन्ने लेखिए पनि व्यवहारमा त्यस्तो छैन् । यस्तो अवस्थामा नेपाली समाजमा महिला र पुरुषबीच असमानता, अन्याय, अत्याचार र भेदभावको खाडल निकै गहिरो छ । यसो हुनुको प्रमुख कारण महिलाको सम्पत्तिमाथि यसमा पनि मुलत भूमिमा अधिकार नहुनु नै हो ।

अधिकांश महिला खेतमा काम गर्छन् । बीउवीजन राम्रोसँग केलाएर राख्नुदेखि त्यसलाई रोप्ने हुँदै उत्पादन भित्र्याउनेसम्मका काममा महिला नै लागेका देखिन्छन् । तर यति सबै काम गरे पनि बेचबिखन गरेर पैसा राख्ने काम भने उनीहरुको भागमा पर्दैन । यही कारण महिलाको सामाजिक, शैक्षिक र आर्थिक स्तर कमजोर बनेको छ ।

पितृसत्तात्मक समाजको स्थापना नै सम्पत्तिमाथि पुरुषको एकाधिकारबाट सुरु भएको हो । समाज दास युगदेखि सामन्तवादी युग हुँदै पुँजीवादी युगमा प्रवेश गरुन्जेलसम्म पनि महिला पुरुषको तुलनामा कमजोर बनाईएका छन् ।

नेपालका बहुसङ्ख्यक समुदायको मानवीय मर्यादा, जीवन रक्षा, जीवन निर्वाहको मूल आधारका रुपमा रहेको जमिनमाथि अधिकार स्थापित हुनु आवश्यक छ । महिलामा उत्पादनका लागि असीमित ज्ञानको भण्डार छ । उनीहरु हरेक क्षेत्रमा कुशल व्यवस्थापक र सच्चा पहरेदार हुन । हरेक किसिमका आर्थिक व्यवहार चलाउन पनि महिला सफल र सक्षम देखिएका छन् । प्राकृतिक स्रोत र साधन जस्तै सम्पूर्ण प्राणीको साझा सम्पत्ति भएकाले भूमिमाथि महिलाको समान पहुँच, उपभोग र नियन्त्रण आधारभूत मानवअधिकार पनि हो ।

महिलाको जमिन नभएका कारण हिंसा, बलात्कार, अशिक्षा, उत्पीडन र बेचविखनबाट प्रताडित हुनुपरेको छ । एउटै कोखबाट जम्मेका सन्तानमध्ये छोरा जन्मँदै अंशको हकदार बन्ने तर त्यही कोखबाट जन्मेकी छोरी भने अधिकारबिहीन हुनुपर्ने अवस्थाले महिलालाई पछि पारेको हो । भएका कानून कार्यान्वयन नभएकाले पनि समस्या समाधानतर्फ लम्कन सकेन ।

अहिले महिला दोहोरो मारमा परेका छन् । एकातर्फ राज्यद्वारा गरिएको विभेद खप्न बाध्य छन् भने अर्कोतर्फ पुरुषवादी चिन्तन र व्यवहारको शिकार भएका छन् । वास्तवमा महिला घरेलु नोकर्नीका रुपमा स्थापित गरिएका छन् । पुरुषको खरखटनमा बस्नुपर्ने, वंश चलाउने मेसिनको रुपमा बच्चा जन्माउनुपर्ने, महिनावारी भएका बेला घरभित्र पस्न नपाउने र बाहिरी काम (जस्तै- मल बोक्ने, दाउरा बोक्ने जस्ता) गर्नुपर्ने बाध्यता छ । छाउपडी, झुमा, देउकी प्रथाले गाझ्नु, तराईका महिला पर्दाभित्र बस्नुपर्ने बाध्यता, दहेजका कारण जिउदै जलाइनुपर्ने समस्याले गर्दा महिला अरुसरह पुग्न त कता हो कता, मुन्टो उठाउनसमेत कठिन अवस्थामा छन् ।

धर्मका नाममा समेत महिलामाथि शोषण हुने गरेको छ । महिलालाई दाससँग तुलना गरेर घरभित्र बस्ने र सेविकाको रुपमा हेर्ने अवस्था सिर्जना गरिएको छ । त्यसैले जब हामी व्यक्तिगतरुपमा हैन कि सामूहिक खेती तथा जमिनमा सामूहिकीकरण एवम् सम्पत्तिमा समान अस्तित्व अपनाउँछौं तबमात्र महिलाले समान भएको महसुस गर्न सक्छन् । यि विभेद अन्याय र शोषणको अन्त्यका लागि अव बन्ने संविधानमा, शिक्षा र स्वास्थ्यलाई मौलिक अधिकारभित्र राखिनुपर्दछ ।

- महिला हिंशा गर्नेलाई कडा सजायको व्यवस्था गरिनुपर्ने
- देशमा विद्यमान दहेज, घुम्टो,
- झुमा, देउकी, छाउपडी, कमलरी जस्ता शोषणमुलक प्रथाको अन्त्य गरिनुपर्दछ ।
- प्राकृतिक स्रोत र साधनमा महिलाको समान पहुँच र नियन्त्रणको व्यवस्था, जसको उत्पादन, उसैको नियन्त्रण अनि महिला र पुरुषको नाममा संयुक्त लालपूर्जाको व्यवस्था गरिनुपर्दछ ।

संविधानमा राजनीतिमा सबैको समान सहभागिता सुनिश्चित गरिनुपर्दछ । महिला भएकै कारण कुनै पनि अधिकारबाट बञ्चित नगराईने र हरेक क्षेत्रमा सहभागिताको ग्यारेण्टी दुवै पर्दछ । ●

# जमिन नहुनेलाई बाँच्न गाह्रो छ

■ काले पुलामी मगर

मेरो नाम काले पुलामी मगर हो । मलाई सबैले कालु भनेर बोलाउँछन् । म लक्ष्मिनियाँ गाविस वडा नं. १, थापटोलमा जन्मिएको हुँ । डेढ वर्षको हुँदा बुबाको मृत्यु भएको र २ वर्षको हुँदा आमाले छाडेर हिँडेको हुँदा काका अम्बरबहादुर पुलामीको घरमा हुर्केको हुँ । अहिले ४८ वर्षको भएँ । काकाले मलाई दुःखसाथ माया गरेर हुर्काउनुभएको थियो । म अहिले उहाँले नै दिएको चार धुर गाउँ ब्लक जग्गामा झुप्रो बनाएर बसेको छु । गाउँ ब्लकको चार धुर काकाले बस्न दिएकोबाहेक अरु एक धुर जमिन पनि कहीँ छैन ।

बुबाको मामा पर्ने अइतसिंह आलेसँग १५-२० विगाह जमिन थियो रे । त्यही जमिनबाट उहाँले भरतपुर गाविसको खोरीमा ४ विगाहा जति भान्जालाई दिनुभएको रहेछ । बुबाका ३ दाजुभाइमध्ये जेठा त्यति बोल्न नजान्ने र बुबा जसले जे भने पनि मान्नेखालका सोझा थिए । माइला बुबा अलि बाठा र बाहिर मेला जात्रा जाने, जाँड रक्सी खाने र खर्चालु थिए । उनले खर्च बढी गरेकाले ऋण लागेछ, त्यी ऋण तिर्न जग्गा बेच्दै गर्दा र खाँदा जग्गा सबै सकियो । हामी सबै सुकुम्बासी भयौं ।

**अव त राजा पनि हटिसके, जनताको सरकार आयो भन्छन्, अहिले पनि हाम्रो कुरा नसुने कहिलेको सरकारले सुन्छ ?**



अहिले हाम्रो परिवार ४ जनाको छ- एक छोरा र एक छोरी, श्रीमती र म गरी । जेठी छोरीको बिहे भैसकेको छ ।

आफ्नो जमिन नभएपछि खान पुग्ने कुरै भएन । त्यसैले गाउँकै रतन खुलालकहाँ हली बसें । करिव २ वर्ष उसको घरमा हली बसेको थिएँ, त्यतिखेर वर्षको ८ सय रुपैयाँ दिन्थे । त्यसको केही समयपछि हली बस्न मन नलागेर साथीहरुसँग दिल्ली गएँ र १० वर्ष जति कुल्ली काम गरें । त्यहाँ पनि दिक्क लागेर फेरि गाउँतिरै आएँ । त्यहाँबाट फर्केपछि कृषि मजदूरी र गिट्टी कुटेर परिवारको जीविका चलाइरहेको छु ।

छोरा १० कक्षामा र छोरी ८ कक्षामा पढ्दैछन् । स्कूलबाहेकको समय र बिदामा उनीहरु गिट्टी कुट्ने काम सघाउँछन् । यसरी येनतेन जीवन चलाएका छौं ।

जग्गा जमिन हुनु र नहुनुमा आकाश-पातालको फरक हुँदोरहेछ । जग्गा जमिन हुनेसित आरामको जीन्दगी छ । छोरा-छोरीलाई राम्रोसँग पढाएका छन् । इज्जतसाथ बसेका छन्, खाएका छन् । गाउँघरमा उनीहरुकैमा हामी बनिबुतो गर्न जानुपर्छ, हेलाँ गर्छन्, जुठो खानुपर्छ । उनीहरुको गाली, भनाई खानुपर्छ । हाम्रो जीवन त दुखै दुखको छ । उनै जग्गा भएका मान्छे नेता छन्, मास्टर छन् । उनीहरुकै कुरा सुन्छन् । हाम्रो त कसले सुन्छ र ?

अहिले भूमिअधिकारको भेलामा जान थालेको छु । यो भूमिहीन सुकुम्बासीहरुको हकका लागि लड्ने सङ्गठन रहेछ भनेर थाहा पाएँ । अब हामी जस्ता सबै सुकुम्बासी एकजुट भएर लड्यौं भने अधिकार पाइन्छ भन्ने लागेको छ । नियमित छलफल र बैठकमा जान थालेको छु । यसले म जस्ताको यसो दुःख-सुखको गफ गर्ने थलो पनि भएको छ । बैठकहरुमा जाँदा-आउँदा, छलफलमा भाग लिन पाउँदा र आफ्ना कुरा भन्न पाउँदा पनि मन हलुका हुन्छ । म सबै साथीहरुलाई भूमिअधिकार आन्दोलनमा लाग्नुपर्छ भन्छु । साँच्चै हामी जस्ता भूमिहीन, सुकुम्बासी एक भयौं र अधिकार माग्यौं भने पाइन्छ जस्तो लाग्छ । अब त राजा पनि हटिसके, जनताको सरकार आयो भन्छन्, अहिले पनि हाम्रो कुरा नसुने कहिलेको सरकारले सुन्छ ? पक्कै पनि हाम्रो कुरा सुनेर सरकारले अबचाहिँ हामीलाई न्याय दिन्छ भन्ने लागेको छ । ●

*प्रस्तुति : गुन्ज खड्का*

# उठौं जागौं र संगठित बनौं...

"वर्ग चिनौं, सङ्गठित बनौं र संयुक्त आन्दोलन-अभियान सञ्चालन गर्दै भूमिअधिकार सुनिश्चित गरौं"- यो उद्धरण कुनै औपचारिक शिक्षा हासिल गरी विद्वान् बनेका व्यक्तिको मुखारविन्दबाट निस्केको वाणी होइन । यो त ४१ औं शिशिरको चिसो सामना गरिसकेका भूमिहीन बच्छाराम रैदासको ओभ्fिला शब्दहरुको समायोजन हो ।

नेपाली नागरिक तर नेपाली भूमि उपयोग गर्न पाउने हकबाट वञ्चित यी भूमिपीडितका घरमा ३ जना सन्तान र आमासहित ६ जनाको परिवार छ । छाप्रो बनाउनका लागि पनि जमिनको अधिनत्व पाएका छैनन् उनले । ६ जनाको भोको पेट भर्नका लागि उनी गुलरिया नगरपालिकाको बजारमा रिक्सा चलाउँछन् भने कहिलेकाहीँ कृषि मजदूरी पनि गर्छन् ।

घरमा उत्पादक सदस्य उनी मात्र भएकाले परिवारका सदस्यको भोको पेट भर्न हम्मे-हम्मे परेको छ तर पनि राज्यको नागरिक भएकाले भूमिमा आफ्नो अधिकारको सुनिश्चितता हुनुपर्दछ भन्ने उनलाई लागेको छ । त्यसैले उनी भूमिअधिकार अभियानमा सक्रियरुपले लागिरहेका छन् । 'हामीलाई राज्यले उपेक्षा गरे पनि भावी सन्तानलाई यो देशको सम्मानित नागरिक भएर बाँच्न पाउने अधिकार सुनिश्चित गराउन हामी सबैको सङ्गठित आवाज र अभियान आजको अपरिहार्यता हो'- उनको भनाइ छ ।



■ बच्छाराम रैदास

त्यसैले उनी आफ्ना घरछिमेकमा रहेका भूमिहीनलाई सङ्गठित गराउने अभियानमा निरन्तररुपमा लागिरहेका छन् । ०६३ सालमा शिवशङ्कर भूमिअधिकार मञ्च गठन गरी अध्यक्षको भूमिका निर्वाह गर्दै आएका रैदास अहिले राष्ट्रिय भूमिअधिकार मञ्च, बर्दियाका सक्रिय अगुवा कार्यकर्ता बनेका छन् ।

सानै उमेरदेखि उनले गुलरिया नगरपालिका वडा नं. ११ मा बस्ने राजेन्द्र श्रीवास्तवका घरमा बँधुवा मजदुरका रुपमा काम गरेका थिए । उनका ३ दाजुभाइ र बा-आमा पनि काम गर्दथे । उनका बुबा जमिनदारकै घरमा काम गर्दागर्दै बिते । उनका

**नेपाली नागरिक तर नेपाली भूमि उपयोग गर्न पाउने हकबाट वञ्चित यी भूमिपीडितका घरमा ३ जना सन्तान र आमासहित ६ जनाको परिवार छ । छाप्रो बनाउनका लागि पनि जमिनको अधिनत्व पाएका छैनन् उनले । ६ जनाको भोको पेट भर्नका लागि उनी गुलरिया नगरपालिकाको बजारमा रिक्सा चलाउँछन् ।**

परिवारका कुनै पनि सदस्यले नागरिकता प्राप्त गरेका थिएनन् । उनका बुबा र दाजुभाइले नागरिकता प्राप्त गर्नका लागि प्रयास गरे । तर जमिनदार श्रीवास्तवले सिफारिस नगरिदिएका कारण नागरिकता प्राप्त गर्न सकेनन् ।

नागरिकता पाएपछि मोहियानी हकका लागि दाबी गर्छन् भनी नागरिकता प्राप्तिका लागि सिफारिस नगरेको उनको भनाइ छ । तर पनि २०६२ सालसम्म जमिनदारकै घरमा काम गरिरहेका थिए । राष्ट्रिय भूमि अधिकार मञ्चको प्रशिक्षण शिविरमा सहभागी हुने अवसर पाएपछि शोषणविरुद्धको कुरा बुझ्ने मौका पाए । ०६२ सालमा मात्रै रैदास परिवारसहित जमिनदारको घरबाट निस्के । तर निस्कँदासमेत परिवार ओत लगााउने छाप्रो कहाँ हाल्ने भन्ने पत्तो उनलाई थिएन । तर सबैभन्दा ठूलो कुरा- उनमा आँट भने थियो । अन्ततः नगरपालिकाको वडा नं. ११ सुरजपुरमा ५ कठ्ठा ऐलानी जमिन पत्ता लगाएर सानो छाप्रो बनाई बस्न थाले ।

तर दुर्भाग्य, यो जमिन पनि अहिले आएर राष्ट्रिय समाचार समितिको नाममा दर्ता भैसकेको रहेछ । दृढ विश्वास र लगनशीलताका साथ भूमिअधिकार अभियानमा लागिरहेका रैदासले आफू बसेको क्षेत्रमा ऐलानी जमिनको खोजी कार्यलाई तीव्रता दिएका छन् । झन्डै १ विगाहा ऐलानी जमिन पत्ता लगाई जमिनदारबाट छुटाएका छन् । त्यतिमात्र कहाँ हो र ? त्यसबाट ५ जना भूमिपीडितको घरबाससमेत टिकाएका छन् ।

सङ्गठनको पहलमा उनी र उनकी आमाले नागरिकता प्राप्त गरेका छन् । नागरिकता प्राप्तिपश्चात् आमाको नाममा रहेको मोहियानी हक प्राप्तिका लागि अदालतमा मुद्दा दर्ता भएको छ । आमाले वृद्ध भत्ता प्राप्त गर्न थालेकी छन् भने छोरा-छोरीको जन्म दर्ता भई विद्यालय पठाउन थालेका छन् । भूमिअधिकार स्थापनाका लागि अहोरात्र खटिरहेका रैदास अहिले सङ्गठन निर्माण, प्रशिक्षण शिविर र सङ्गठन सवलीकरणमा डटेर लागिपरेका छन् । ●

*- प्रस्तुति : हिमा सुनार*

# हाकु यात्राका केही संस्मरण



■ कल्पना कार्की

**प्राथमिकता आ-आफ्नै**

प्रायः फिल्ड भ्रमणमा म एक्लै हुने गर्छु । नयाँ ठाउँ होस् वा पुरानो । तर २०६६ जेठ २० गते रसुवा जाँदा भने साथमा जगत बस्नेत र भूमिसुधार मन्त्रालयका भेषबहादुर कार्की पनि हुनुहुन्थ्यो । उहाँहरु विर्ता र गुठी सवालमा जिल्लास्तरीय अन्तरक्रियामा भाग लिन जाँदै हुनुहुन्थ्यो । मलाई भने सो अन्तरक्रियामा भाग लिएर हाकु पनि पुग्नु थियो ।

भोलिपल्ट बिहान ७ बजे रसुवाको मालपोत कार्यालय गयौं । अधिकृत नारायणप्रसाद शर्मा दुवाडी काठमाडौं गएका थिए । नासु भुपबहादुर बोगटीलाई भेटियो । हामी जिल्लामा विद्यमान विर्ता र गुठीका समस्या जान्न चाहन्थ्यौं तर उनले भने हामीसँगको पूरैजसो समय मन्त्री जगतबहादुर बोगटीले बढुवा रोकिदिएको भन्दै आक्रोस मात्र पोखिरहे ।

**भत्ताले बिगारेको बानी**

जेठ २२ गते बिहानको खाना खाएर धुन्चेबाट हाकुतर्फ लागियो । जिल्ला भूमिअधिकार मञ्चका उपाध्यक्ष डिट्टा तामाङले एक वृद्धलाई टन्न जाँड खुवाए र शिविरका लागि चाहिने १ बोरा चामल त्यहाँ पुर्‍याउने जिम्मा दिए । जाँड खुवाउनुको रहस्य पछि उनले भने- त्यति नखुवाए त उसले भारी बोक्नै सक्दैन ।

उनले ३ सय रुपैयाँमा त्यो चामल सानो हाकुसम्म लगे । गन्तव्य पुग्न अझै २ घण्टाको बाटो उकालो चढ्नु थियो । हामीले चामल त्यहीं राख्ने र भोलिपल्ट बिहान शिविरमा जाने १० जना सहभागी सबैले बाँडेर ठूलो हाकु पुर्‍याउने सल्लाह गर्‍यौं । तर हाम्रो सल्लाह कार्यान्वयन भएन । उनीहरुले बरु भोकै बस्ने तर चामल बोकेर नजाने अड्डी कसेछन् । कस्तो गजब ? जसका लागि कार्यक्रम आयोजना गरियो, उनीहरु नै विना ज्याला केही नगर्ने अवस्थामा पो पुगेछन् ।

**एउटै गाउँमा ४ वडा**

गाउँ एउटा तर वडा भने ४ वटा- गजव रहेछ हाकु गाउँ । गाविसको वडा नम्बर ४, ५, ६ र ७ को एउटै गाउँ छ । जहाँ २०३ घर छन् । यो गाउँ झलक्क हेर्दा भक्तपुरझैं लाग्छ- गुजुमुज्ज । घर पनि



ढुङ्गा र काठका कलात्मक । हेर्दै सुन्दर लाग्ने । तर गाउँको वास्तविकता भने अर्कै रहेछ । गाउँभर एउटै शौचालय छैन, हेल्थ पोष्ट र स्कुलबाहेक ।

**ढिलाइको रहस्य**

अघिल्लो दिन त गाउँका अगुवा काल्साङ दाइले भात खुवाए । नत्र भोकै परिने । किनकि हामीले ल्याएको चामल दुई घन्टा टाडै थियो । भोलिपल्ट जेठ २४ गते काल्साङ दाइ म त खुवाउन सक्दिन भनेर पन्छे । ल त भनेर गाविस भवनमै पकाएर खाने सल्लाह भयो । पकाउनका लागि एक जनालाई गाउँमा खड्कुलो लिन पठाइयो । तर उनी त एक डेढ घन्टासम्म आउँदैनन् त । ढिलाइबारे पछि पो थाहा भयो- तामाङ समुदायमा घरमा कोही गयो भने सगुन खुवाउनैपर्ने रहेछ । जसले गर्दा घन्टौं बित्दो रहेछ । अनि मनमनै सोचें- यही भएर पो यहाँका बासिन्दाका गुठी जमिन रैकर बन्न पनि समय बढी लागेको रैछ ।

**यस्ता पो ज्वाइं त**

हाकु हानिँदै थियौं । बाटोमा एक ठिटो भेटिए । ३ वर्ष अरब बसेर आएका उनी फूर्तिला रहेछन् । गफ गर्दै जाँदा उनको ससुरालीमा बस्ने कुरा भयो । त्यहाँ उनका वृद्ध सासू-ससुरामात्र रहेछन् । सबैलाई खाना बनाउने, खुवाउने, भाँडा माझ्ने काम आफैं गरे । र, हामीलाई भन्न पनि भ्याए- हाम्रो तामाङ समुदायमा त अप्ठ्यारो परेका बेला सघाउने नै ज्वाईंले हो । तामाङ समुदायको यो राम्रो पक्षको अनुशरण अन्यत्र कहिले होला भन्ने कौतुहलता जागिरह्यो ।

**दुःख बिर्सिएको क्षण**

असार १ गते हाकुका गुठीपीडितले कृषि औजारसहित धुन्चे थर्काएछन् । अधिकांश महिला सम्मिलित उक्त प्रदर्शनीले माग पूरा नगरेसम्म नछाड्ने चेतावनी पनि दिएछन् । यसो हुनुमा केही अघि गरेको शिविरको पनि राम्रै भूमिका थियो । त्यसैले म धेरै दुःख पाए पनि खुशी नभई रहन सकिन किनकि मलाई राम्रोसँग थाहा थियो- हाकु-धुन्चे यात्रा जति कठिन छ, त्योभन्दा कठिन छ भूमिअधिकार यात्रा । ●

# वैद्यको प्रेस्क्रिप्सन

## धनभन्दा जन ठूलो

■ कृष्णमुरारी भण्डारी

उनी अठासी वर्ष पुग्न अठासी दिनमात्रै बाँकी छ। जीवनको उत्तरार्द्धमा पनि भौतिकरूपले वृद्ध तर सोचका हिसाबले तन्नेरी यी मुलुककै निम्ति चिन्तामग्न छन्। यी अर्थात् हुतराम वैद्य यतिखेर अर्कै कुरामा घोत्लिइरहेछन्। उनको सोच नयाँ नेपालको आर्थिक आधार कसरी मजबुत हुन्छ ? यसैमा केन्द्रित छ। बुढ्यौलीको छनक निमेषसम्म नदिने गरी तीखो स्वरमा उनले भने- देशमा उथलपुथल जारी छ तर नेतृत्व गर्नेले सही बाटो समाउन सकेनन्। राजनीतिक परिवर्तन भयो, आर्थिक विकास प्रष्ट नीति लिएर अगाडि बढ्न सकेन।

नेताहरूको चेत नफिरेकामा उनी असन्तुष्ट छन्। उनीहरू भन्दैछन्, पैसा भयो भने हामी देशको विकास गर्न सक्छौं। देशलाई सिङ्गापुर, स्विट्जरल्यान्ड र अमेरिका बनाउन सक्छौं। तर यसमा वैद्य ढुक्क भएर भन्छन्- पैसा भएर मात्र देश विकास हुँदैन।

देशको पहिलो कृषि इन्जिनियर, वाग्मती सभ्यता जोगाउने अभियानका अग्रज, गरीबको अर्थतन्त्र सुधार्नुपर्छ भन्ने विचारका पक्षपाती, ज्येष्ठ नागरिक मन्त्रालय मागकर्ता र करेसाबारी सुधार जस्ता अनेक अभियानकर्मीको पगरी गुथाइएका वैद्य केही समयदेखि पैसाभन्दा पनि मुख्य कुरा जमिन र जन हो भन्ने मान्यतामा पुगेका छन्। भन्छन्, अरूको सहयोगबाट देशको विकास हुँदैन। अर्थशास्त्रका प्रवर्द्धकहरूले देश विकास निम्ति जमिन, श्रम र पुँजी आवश्यक पर्छ भनेका छन्। त्यसैले विकसित भनिएका देशले पहिलो जोड जमिनमाथि दिए। त्यसपछि श्रममा। धन त जमिनमा जन लागेपछि आफैं आर्जन हुने कुरा हो।

वैद्यले ग्रामीण विकासमा मनग्ये अनुभव आर्जन गरेका छन्। मोटो फ्रेमको पावरदार चस्मा फुकाल्दै उनी देशमा तय भएका प्राथमिकतासँग असहमति जनाउँछन्। हाम्रो देशमा विकासनिम्ति दिइएको प्राथमिकता नै उल्टो छ। पहिला धन, त्यसपछि जन र अन्तिम प्राथमिकतामा जमिनलाई राखिएको छ, उनी भन्छन्- 'त्यसैले विकासमा हाम्रो देश सबैभन्दा पछाडि र देश असफल राष्ट्रको सङ्घारमा पुगेको छ। जमिन र जन भएर पनि जमिनलाई गरिबी न्युनीकरण निम्ति उपयोग गर्न नसकेको उनको अनुभव छ। गरिबी घटाउन न जमिन उपयोग गर्न सकियो न त जनले नै हाम्रो वातावरणमा, हाम्रो आर्थिक अवस्थामा कन्चटबाट पसिना आउने काम गरेका छन्। उनले थपे- नेपालीले पसिना अरब, कोरिया, मलेसियामा बगाए। त्यसैले मलेसिया, कोरिया र अरबी देश विकसित भए। अमेरिका, क्यानडामा गएर हाम्रा पढे-लेखेका मानिसले त्यहाँको विकसित प्रविधिमा काम गरे तर त्यो पनि गरीब निम्ति होइन, धनीका निम्ति।

विदेशमा कमाएको धनबाट नेपालीहरू दङ्ग भए पनि उनीहरूले आफूले बेचेको श्रमबाट मालिकले कमाएको पक्ष बिर्सेको उनको ठम्माइ छ। हाम्रा शिक्षित ज्ञानीहरू ज्याला पाएर अमेरिकामा दङ्ग छन्। साहूले उनीहरूको श्रमबाट कति कमायो ? उनले थपे- विचराहरूलाई केही थाहा छैन।'

धन, जन र साधनको आर्थिक फर्मुलाबाट देशको विकास नहुने धारणा राख्ने वैद्य दृढतापूर्वक बताउँछन्- हामीलाई विज्ञान-प्रविधि चाहिन्छ। हाम्रो साधनलाई बहुउपयोगी गराउने विद्यार्थी चाहिन्छ। त्यसपछि मात्र हाम्रो जन हामीलाई काम लाग्छ। जब साधनमा हाम्रो आवश्यकताअनुसार हाम्रो जन भिड्छ, धन त्यसैले कमाउन थाल्छ। तर हाम्रो साधन (भूमि) लाई गरीब निम्ति उपयोगी बनाउन सकिएन। नेपालमा व्यापक गरिबी त्यसैले छ।

> ***हाम्रो देशमा विकासनिम्ति दिइएको प्राथमिकता नै उल्टो छ। पहिला धान, त्यस पछि जल र अन्तिम प्राथमिकतामा जमिनलाई राखिएको छ, उनी भन्छन् - त्यसैले विकासमा हाम्रो देश सबैभन्दा पछाडि र देश असफल राष्ट्रको सङ्घारमा पुगेको छ।***

वैद्यले नयाँ नेपाल बनाउन कति अरब रुपैयाँ युवालाई स्वरोजगार दिने भन्दै सरकारले छुट्याए पनि त्यसले बेरोजगारलाई स्वरोजगार गर्छ ? सरकार आफैं प्रस्ट नभएकोमा आलोचना गरे। उनले हालै सरकारसँग बाखा पाल्न दुई लाख लिँदै गरेका एकजना जाँगरिला कीर्तिपुरेसँग भेटघाट गरेका रहेछन्। १८ परिवारको क्लब बनाएर बाखा पालन गर्ने उद्देश्य राखेका तिनलाई वैद्यले धन होइन, आफ्नो गाउँको साधनको सदुपयोग गर्न सुझाव दिएछन्।

बाखालाई खुवाउन पोषिलो घाँस लगाएको छ कि छैन ? दाना उत्पादन भएको छ कि छैन ?' उनको जिज्ञासामा ती जाँगरिला

युवाले सजिलै जवाफ दिएछन्- बोका-बाखा बाहिरबाटै किन्ने हो, अरू आवश्यक परका कुरा किन्न पाइहालिन्छ नि ।

वैद्यले तिनलाई गमलामा रोपेका पुड्के डाले घाँसका बिरुवा पठाइदिएछन् । पोषिला यस्ता घाँस खाएपछि मात्र बाखा पालन फस्टाउँछ । युवाले उनले दिएका बिरुवा लगेर रोपे रे । अरू पनि फैलाउने अभियानमा लागेका छन् रे । उनी मकहाँ आइरहन्छन्, वैद्यले भने- एक दिन सुनाए, हाम्रो गाउँको अर्को समूहले अब सय वटा बाखा पाल्ने रे । कीर्तिपुरेको कुरा सुनेपछि वैद्यले सोधे, घाँस छ ? वैद्यबाट पहिल्यै यस्तो प्रश्न झेलिसकेका उनले जवाफ दिएछन्- को दुःख गरोस्, वनमा छँदैछ नि भन्छन् । वैद्यले भनेछन्, वनको घाँसमा तागत कम, मात्रा धेरै हुन्छ । तागतिला घाँस नरोपी बाखा पालन फस्टाउँदैन । तर धेरै बाखा पालन गर्न चाहने गाउँले बथान बाखा अटाउने खोर बनाउन जुटेका छन् । नजिकैको चाल्नाखेत नर्सरीमा वनका बिरुवा छन्, कृषि वनका बिरुवा छैनन् रे ।

अन्त्यमा वैद्यले भने- अब हेर्नुस्, उनीहरूले धनबाट काम थाल्ने भए । त्यसपछि जन आउँछन् । जब जमिनमा बिरुवा रोप्ने बेला हुन्छ, उनीहरूको धन समाप्त भइसक्छ । किनकि यहाँका धनीको संसार अर्कै छ । उनीहरू कुबेर रेखामाथिका हुन् । म त धनीसँग काम गर्न सक्दिनँ । तर गरीब रेखामुनिको संसार स्वर्ग हो । त्यहाँ मकै, भटमास, ढिँडो पाइन्छ । सबै जना एकै ठाउँमा सुत्न पाइन्छ । हँसी-ठट्टा एकै लेबलको हुन्छ । कुबेर रेखामाथि यी केही पाइन्नन् । उनीहरूलाई त चाउचाउ मनपर्छ । उनीहरूको घरमा ह्विस्की, बियर, वाइन र पाउरोटी पो पाइन्छ । उनीहरूको भाषा नै बक्सियोसवाला छ । गाउँको जुन मज्जा हो, त्यो धनी ठाउँमा पाइन्न । मानवीय व्यवहार गरीबकहाँ पाइन्छ, धनीकहाँ होइन । त्यसैले नेपालमा विकास गरेर गरिबी हटाउन गरिबी रेखामुनिका लाखौं नेपालीलाई परिचालित गर्ने कार्यक्रम आवश्यक छ । तर त्यो धनबाट होइन, जमिन र जनबाट थालनी गर्नुपर्छ । ●

*(कान्तिपुर दैनिकबाट साभार)*

# बेदखली किसानको
# भूमिअधिकार विषयमा अन्तर्क्रिया




सुनसरी- आन्दोलनका पक्षमा जनमत जुटाउन र सरोकारवालाको ऐक्यबद्धताका लागि मोही बेदखली सङ्घर्ष समिति र राष्ट्रिय भूमिअधिकार मञ्च जिल्ला समिति सुनसरीको संयुक्त आयोजना तथा अभियान नेपालको सहकार्यमा २०६६ असार १६ गते बेदखली किसानको भूमिअधिकार विषयमा जिल्लास्तरीय अन्तर्क्रिया कार्यक्रम भयो ।

इटहरी नगरपालिकामा भएको अन्तर्क्रियामा १५ जना बेदखली किसानले आफ्नो अवस्था र बेदखलीका कारण बताउँदै आफूहरुको अधिकार रक्षाका पक्षमा राजनीतिक दल तथा जनवर्गीय सङ्गठनहरुले सहयोग गर्नुपर्ने माग गरे । विकल्पबिना जमिनबाट जबर्जस्ती बेदखल गरी आफूहरुलाई बिचल्ली पार्नेबिरुद्ध अब सङ्गठित आन्दोलन छेडिएको भन्दै बेदखली किसानले आफूहरुलाई बेदखल गर्नेहरु कुनै न कुनै राजनीतिक दलका समर्थक कार्यकर्ता नै हुने गरेकाले उनीहरुलाई सम्बन्धित दलले कारबाही गर्नुपर्ने माग गरे ।

अन्तर्क्रिया कार्यक्रममा उपस्थित राजनीतिक दलका प्रतिनिधि तथा अगुवाले जमिनमा जोत्नेको अधिकार रहने भएकालेबेदखली अन्यायपूर्ण भएको बताए । बेदखली गर्नेहरुबिरुद्ध एक भएर लड्न किसानलाई आग्रह गर्दै उनीहरुले यस्तो लडाईंमा आफूहरुले राजनीतिक सहयोग गर्ने प्रतिबद्धतासमेत जनाए । कार्यक्रममा नेकपा एमाले, नेकपा एमाओवादी, नेकपा माओवादी पुनर्गठित, नेकपा एकीकृतका जिल्ला प्रतिनिधि, भूमिसुधार कार्यालयका प्रतिनिधि, राष्ट्रिय भूमिअधिकार मञ्च नेपालका केन्द्रीय सदस्य लक्ष्मण चौधरी, राष्ट्रिय भूमिअधिकार सरोकार समूहका केन्द्रीय सदस्य केशव दाहाल, बेदखली किसान, भूमिअधिकार अभियानकर्ता, सञ्चारकर्मीसहित ११० जनाको सहभागिता थियो । ●

# भूमिअधिकार दिवसका रूपमा भीमदत्त पन्त स्मृति दिवश

नेपालगन्ज-किसान नेता भीमदत्त पन्तलाई आदर्श मानी साउन १७ गते भीमदत्त स्मृति दिवशलाई भूमिअधिकार दिवशका रुपमा मनाइँदै आएको छ। यसरी दिवश मनाउने क्रममा २०६६ साउन १७ गते ५७ औ भीमदत्त पन्त स्मृति दिवश ( भूमिअधिकार दिवश) कैलाली, कञ्चनपुर र बैतडी जिल्लामा विविध कार्यक्रमका साथ मनाइयो।

कञ्चनपुरमा ३०० भन्दा बढीको उपस्थिति रहेको दिवशमा राजनीतिक दल, सरकारी निकाय, सामाजिक सङ्घ/संस्था, भूमिअधिकार मञ्च प्रतिनिधि एवम् भूमिअधिकारबाट वञ्चितहरुको सहभागिता थियो। दिवशका अवसरमा बाढीपीडित, आरक्षपीडित, भूमिहीन, सुकुम्बासीले आफूले भोग्दै आएका पीडा व्यक्त गर्दै राजनीतिक दलले आश्वासन मात्र दिने गरेका र सहयोग नगरेको गुनासो गरेका थिए। बाढीपीडितलाई राहत वितरण गर्दा १२ जनाको परिवारलाई एक गिलास चिउरा र ४ पाकेट चाउचाउ दिएको बाढीपीडित बालपञ्च रानाले सुनाए।

कैलालीमा कार्यक्रमका वक्ताले खाद्य सम्प्रभुताका लागि भूमि अधिकार आवश्यक रहेको बताउँदै किसान हकहितका लागी लड्ने किसान नेता भीमदत्त पन्तको स्मरण गराउने र उहाँले दिएको योगदानको कदर गर्ने काम भूमिअधिकार मञ्चले गरेको विचार व्यक्त गर्दै आफूहरुले सिकाइका रुपमा लिने बताए। त्यसैगरी बैतडीमा सहभागी तथा अतिथिले ७ बुँदे सहमतिपत्र तयार गरी कार्यान्वयनका लागि जिल्ला प्रशासन कार्यालयमा बुझाइएको थियो।

पत्रमा भीमदत्त पन्त स्मृति दिवशलाई सरकारी तहबाट मनाइनुपर्ने, भूमिहीनका पक्षमा भएका निर्णय यथाशीघ्र कार्यान्वयन हुनुपर्ने, हलिया पुनर्स्थापनाका लागि जिल्लास्तरमा संयन्त्र बनाइ कार्यान्वयन गरिनुपर्ने, किसानका पक्षमा भएका नीति अक्षरशः पालना गरिनुपर्ने, महिला-पुरुषको संयुक्त नाममा लालपूर्जा वितरण गरिनुपर्ने, जिल्लास्तरीय दररेट समितिमा किसान, मजदूरको प्रतिनिधित्व गराइनुपर्ने, अधिकारवादी संस्थाहरुको सञ्जाल बनाइ अभियान सफल पार्न जिल्ला प्रशासनले भूमिका खेल्नुपर्ने जस्ता कुरा छन्। ●

# कर्मचारी अभिमुखीकरण सम्पन्न

अधिकारमुखी पद्दति, सामाजिक आन्दोलन र भूमिअधिकार विषयमा संस्था, स्रोत संस्था र सङ्गठनका विभिन्न जिम्मेवारी तहमा रहेकाहरुका लागि २३ देखि २५ साउनमा अभिमुखीकरण भयो। यसबाट ३४ जनामा अधिकारमुखी पद्दति, सामाजिक आन्दोलन, महिला अधिकार, संविधानमा भूमि र खाद्यसम्बन्धी हुनुपर्ने व्यवस्था, मानवअधिकार, प्रतिफलमा आधारित कार्यक्रम व्यवस्थापन र आन्दोलनकोरणनीति विषयमा जानकारी बढेको छ। अभिमुखीकरणले आन्दोलनको वैचारिक पक्षलाई तिखार्न मद्दत पुगेको छ। ●

# जनमुखी भूमिसुधारको सामुदायिक अभ्यास

लमही- दाङको देउखुरी क्षेत्रमा पर्ने गङ्गापरस्पुर गाविसमा सामुदायिक भूमिसुधारको अभ्यास थालनी गरिएको छ।

सबैभन्दा धेरै भूमिहीन, दलित गरीब जनताको बसोबास, बाँझो र ऐलानी जमिन बढी भएको तथा अनुपस्थित जमिनदारी र शोषण भएको गाविसलाई सामुदायिक अभ्यास थाल्ने गाविस छनौट गरिएको छ।

यसपछि ९ वटै वडाको प्रतिनिधित्व हुनेगरी सामुदायिक भूमिसुधार अगुवा छनौट गरी अभिमुखीकरण गरिएको छ। सामुदायिक अगुवाहरुको बैठक र छलफलपछि आ-आफ्नो वडा तहमा कसरी भूमिसुधार गर्ने बारे छलफल भइरहेका छन्।यस्तै सामुदायिक भूमिसुधारको अवधारणागत जानकारी तथा गाविसको भूमिकाबारे गाउँका प्रतिनिधिसँग छलफल भएको छ।

**८ विगाह जमिन बाँझो पर्ति छ भने ३९ विगाह जमिन गाउँकै जमिनदारले भोगचलन गरेको पाइएको छ।**

गाविसमा रहेको ऐलानी, बाँझो जमिनको खोजी भइरहेको छ। जसमा हालसम्म ६ वटा वडाका ६ वटा समुदायमा ४७ विगाह ऐलानी जमिन देखिएको छ। जसमध्ये ८ विगाह जमिन बाँझो पर्ति छ भने ३९ विगाह जमिन गाउँकै जमिनदारले भोगचलन गरेको पाइएको छ। पर्नाहामा रहेको ५ विगाह ऐलानी जमिन गाउँकै किसानलाई अधियामा जोताएर उनीहरुले त्यसको उत्पादन खाइरहेका छन्। ●



## सहभागीमूलक समीक्षा तथा चिन्तनमनन्

बनेपा- सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले तीन महिने (वैशाख-असार,२०६६) सहभागीमूलक समीक्षा तथा चिन्तनमनन् गत असार २१-२३ मा आयोजना गरेको गऱ्यो । समीक्षा विशेषगरी विगतका उपलब्धि, आन्दोलनले ल्याएको परिवर्तन, चुनौती र विभिन्न सिकाईमा केन्द्रित थियो ।समीक्षामा अभियानकर्मी, अगुवा, सहयोगी संस्थाका प्रतिनिधिलगायत् ५० जनाको सहभागिता थियो । ●

# साईकल यात्रा र भूमि सभा

बाँके- मोही बेदखलीको पीडाबिरुद्ध बाँके जिल्लाका जोताहाले १० दिने साइकल यात्रा गरे । जोतौ, जागौ र अधिकार लिऔ भन्ने उद्घोषका साथ २०६६ साल जेठ ४ गते यात्रा सुरु गरिएको थियो । १४ गते नेपालगन्जमा सभा गरी यात्राको समापन भएको थियो । सभामा सयौं भूमिहीनको सहभागिता थियो । उक्त यात्राबाट करिब २० हजार किसानबीच बेदखलीबिरुद्ध सन्देश पुगेको जिल्ला भूमिअधिकार मञ्च बाँकेले बताएको छ ।

यात्रामा नियमितरुपमा ४० जना यात्री नघट्ने गरी प्रबन्ध मिलाइएको थियो । खाजा, खाना र बास बस्ने प्रबन्ध स्थानीय भूमिहीनले नै मुठीदान उठाएर गरेका थिए । बाँके जिल्लाका फत्तेपुर, वनकट्टी, कम्दी, मनिकापुर, कारकाँदो, बसुदेवपुर, बेलहरी, बागेश्वरी, गनापुर, शमशेरगन्ज, रझेना, कोहलपुर, नौबस्ता, चिसापानी, वनकटवा, टिटिहिरिया, सोनपुर, उढरापुर, बेलभार, परसपुर, इन्द्रपुर र नेपालगन्ज गरी २१ गाविस र १ नगरपालिकामा यात्री टोली पुगेको थियो ।

यात्राको क्रममा गाउँगाउँमा सभाको आयोजना गर्ने, आफ्ना पीडा बताउने, स्थानीय सवाल सङ्कलन गर्ने र स्थानीय दलका नेतालाई सवालमा बोल्न लगाउने गरेका थिए । गाउँ भूमिअधिकार मञ्चद्वारा आयोजना गरिएका यस्ता कार्यक्रममा भूमिहीनको सक्रियता बढेको थियो ।

यात्राको अन्तिम दिन जेठ १४ गते नेपालगन्जको पुष्पलाल चोकमा भूमिहीन जम्मा भई किसान अधिकारका नारा लगाउँदै जुलुस अगाडि बढेको थियो ।

संविधानमा भूमिअधिकार स्थापीत गर, सुकुम्बासीलाई जग्गा दे, मोही बेदखल बन्द गर, आधा पुरुष आधा नारी, जमिनमा हक बराबरी जस्ता नारा लगाउदै अगाडि बढेको जलुस कोरयिनपुर बगैचामा पुगी आमसभामा परिणत भएको थियो । ●

## उखडापीडित किसानको साइकल ऱ्याली

भैरहवा- राष्ट्रिय भूमिअधिकार मञ्च रुपन्देही र उखडापीडित जिल्ला समितिको संयुक्त आयोजनामा २०६६ असार १६ गते १६ गाविसका भूमीअधिकारबाट वञ्चित किसानको जनजागरण साइकल ऱ्याली सम्पन्न भएको छ । साइकल ऱ्यालीको मुख्य उद्देश्य सरकारलाई उखडा आयोग गठन गर्न र उखडा जग्गा जोतभोग गर्दै आएका मोहीका नाममा जग्गा दर्ता गर्न दबाब सृजना गर्नु थियो ।

सहभागीले उखडापीडितको हक सुनिश्चित गर्न जिल्ला एवं राष्ट्रिय तहमा पैरवी र वकालत गर्नुपर्नेमा जोड दिएका थिए । ●

# भूमिसुधार मन्त्रालयमा डेलिगेसन



२०६६ साउन १५ गते विर्ता र गुठीको सवाललाई लिएर जिल्ला भूमिअधिकार मञ्च, रसुवाको नेतृत्वमा जिल्लाका प्रमुख दलका प्रतिनिधि एकीकृत नेकपा माओवादीका जिल्ला कमिटी सचिव माधवप्रसाद लामिछाने, नेकपा एमाले जिल्ला कमिटी सचिव छोवाङतेन्जिङ तामाङ, नेपाली कङ्ग्रेसका जिल्ला सभापति लालबहादुर तामाङ, राष्ट्रिय भूमिअधिकार मञ्चका महासचिव सोमप्रसाद भण्डारी, सभासद प्रेम तामाङ, प्राकृतिक स्रोत साधन समिति अध्यक्ष शान्ता चौधरी, सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका निर्देशक जगत बस्नेत, विर्ता तथा गुठीपीडित किसानसहित ३५ जनाको टोलीले भूमिसुधार तथा व्यवस्थापन मन्त्री डम्बर श्रेष्ठलाई भेटी ५ सूत्रीय मागसहित ज्ञापनपत्र पेश गरेका छन् ।

पहिलो दिनको छलफल अपुग भएकोले साउन १६ गते मन्त्री निवास पुल्चोकमा पनि छलफल भयो । भूमिसुधार तथा व्यवस्था मन्त्री डम्बर श्रेष्ठले गुठीको विषयमा सर्वोच्चमा मुद्दा चलिरहेको छ भन्दै विर्ताको सवालमा तत्काल मन्त्री परिषद्को बैठकमा प्रस्ताव पेश गरी निर्णय गराई जिल्ला मालपोत कार्यलयलाई ३ महिने सूचना प्रकाशित गर्न लगाई काम अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । साथै उक्त टोलीले प्रधानमन्त्री माधवकुमार नेपाललाई भेटी सोही ज्ञापनपत्र पेश गरेको छ ।

**ज्ञापनपत्रमा निम्न माग छन् :**

१ रसुवा जिल्लाको लहरेपौवा, धैवुङ र भोर्ले गाविसमा रहेका ८ सय ६१ परिवारले पुस्तौंदेखि जोतिरहेको विर्ता जग्गा अविलम्ब रैकर गरी जग्गाधनी पूर्जा महिला र पुरुषको नाममा निशुल्क वितरण गरियोस् ।

२ हाकु गाविसको ६ वटा वडाका करिव ५ सय परिवारको पूरै जमिन स्वयम्भू घ्याङ गुठीको नाममा छ । यो गुठी प्रथा खारेज गरी जग्गा रैकरमा परिणत गरी जग्गाधनी पूर्जा महिला र पुरुषको संयुक्त नाममा निशुल्क वितरण गरियोस् ।

३ जिल्लाका १८ वटै गाविसका ४ सय परिवार सुकुम्बासीलाई तत्कालका लागि सम्बन्धित गाविसमै सार्वजनिक जग्गा उपलब्ध गराई बसोबासको व्यवस्था गरियोस् । धुन्चे गाविसका सुकुम्बासीलाई धुन्चेस्थित कृषि फार्मको उपयोगमा नआएको बाँझो सरकारी जग्गा उपलब्ध गराइयोस् ।

४ रसुवा जिल्लामा पनि भूमिअधिकारबाट वञ्चितहरुको उचित प्रतिनिधित्वसहितको उच्चस्तरीय भूमिसुधार आयोग गठन गरी वास्तविक किसानका हकका लागि समग्र भूमिसुधार कार्य तत्काल सुरु गरियोस् ।

५ पहिरोपीडितलाई तत्काल राहत उपलब्ध गराई सुरक्षितरुपमा बसोबास व्यवस्था गरियोस् ।

पुस्तक परिचय

# भियतनाम र भूमिसुधार

भियतनाम कस्तो राज्य हो ?, यसको ऐतिहासिक पाटो कस्तो थियो ?, अहिले यो मुलुक किन चर्चामा छ ?, कृषि, उन्नति, निर्यात आदिबारे छलफल गर्दा किन भियतनामविना त्यो पूर्ण हुँदैन ? जस्ता यावत् प्रश्नको उत्तर बोकेको पोको हो केशव बडालको पुस्तक भियतनाम र भूमिसुधार ।

यो किताव पढ्नेले समग्रमा भियतनाम डुल्नै पर्दैन, यहीँबाट सबै कुरा बुझ्न सकिन्छ । आफैं भ्रमण गरेर आएजत्तिकै लाग्छ किताप पढेर सिध्याएपछि । र, भन्न मन लाग्छ- धन्न भियतनाम, होचिमिन्ह जस्ता क्रान्तिकारी नभइदिएका भए आज भियतनामीहरु शायद सोमालियन जस्तै हुन्थे ।

प्रमुख औद्योगिक उत्पादन खाद्य प्रशोधन, कपडा, सिमेन्ट, केमिकल, वन्यजन्य उत्पादन आदि भएको भियतनाम चामल र कफी तथा कृषिजन्य उत्पादन निर्यातमा अघि आउँछ । सन् १९८८ तिर १ करोड ९० लाख टन धान उत्पादन गरेको भियतनामले केही समयपछि नै यसमा क्रान्तिकारी परिवर्तन ल्याइ ३ करोड ६० लाख टन पुर्‍यायो । र, खानसमेत धौ धौ हुने अवस्थामा पुगेको एउटा मुलुक धान निर्यात गर्ने विश्वका केही प्रमुख मुलुकको सूचीमा पर्न सफल भयो ।

कसरी सम्भव भयो त यो ? कितापले भन्छ- सन् १९४५ मा जापान र फ्रान्सको उपनिवेशबाट मुक्त यो मुलुक त्यसपछि गणतन्त्रमा परिणत भयो । सबैले सोचेका थिए- अब स्वतन्त्र भियतनामले आफ्नै बलबुतामा प्रगति गर्नेछ । तर अगाडिका दिनहरु सोचेजस्ता भएनन्, विभिन्नखालका समस्या आए । फलस्वरुप १९५४ मा पुनः स्वतन्त्र भएको घोषणा गर्नुपर्‍यो देशलाई ।

तर मुलुक उत्तरी र दक्षिणी भियतनामका नाममा विभाजित हुन पुग्यो । त्यसपछि अमेरिकाले दक्षिणलाई आधार बनाएर उत्तरमाथि आक्रमण थाल्यो । यसरी धेरै वर्ष भियतनाम युद्धको चपेटाबाट गुज्रिन बाध्य भयो ।

सन् १९७५ मा भियतनाममा युद्ध समाप्त भयो । तर १९९४ सम्म अमेरिकाले नाकाबन्दी लगायो । त्यसपछि बल्ल यी दुई राष्ट्रबीच कूटनीतिक सम्बन्ध स्थापना हुन सक्यो । बल्ल भियतनामलाई डर कम भयो ।

यसरी ऐतिहासिक पक्षबाट सुरु भएको यो कितापमा लेखक बडालले जमिन, भूमिसुधार, कृषि, उत्पादन आदिलाई लेखनको केन्द्र बनाएका छन् । अर्थात् सबै विषयलाई उनले भूमिका दृष्टिबाट अध्ययन गर्ने जमर्को गरेको देखिन्छ । त्यसैले होला उनले भूमिका सवाललाई बढी ध्यान दिएका छन् ।




उनले वर्णन गरेका छन्- त्यसपछि जमिन सामूहिकीकरण गरियो । यसो गरेपछि उत्पादन बढ्ने ठानिएका थियो तर त्यो हुन सकेन । समानता हुने ठानिएको थियो तर भयो उल्टो । समानताचाहिँ भयो तर गरिबीको ।

त्यसैले राज्यको मुख्य स्रोत भूमिको समुचित र उपलब्धिमूलक परिचालन नगरेसम्म मुलुक उँभो लाग्दैन भन्ने बुझेका भियतनामी नेताहरुले विकल्प सोच्न थाले । यत्तिकैमा सन् १९८६ मा भएको कम्युनिष्ट पार्टीको अधिवेशनले दोइमोइ नामक कार्यक्रम पारित गर्‍यो । जसको उद्देश्य थियो- उत्पादनक शक्तिलाई प्रोत्साहन गर्ने, समाजवादउन्मुख बजार अर्थतन्त्र निर्माण, शोषणको अनुगमन तथा स्वामित्व विविधीकरण ।

यस कार्यक्रमपछि सामूहिकीकरणलाई खुकुलो पार्दै जमिन किसानलाई लिजमा दिन थालियो । किसानको स्वामित्व विस्तार गरियो । फलस्वरुप उत्पादन ह्वात्तै बढ्यो । उत्पादक शक्ति किसान खुशी हुनु नै यसको प्रमुख कारण थियो ।

त्यसैले सन् १९८६ मा १७.५ मिलियन टन धान उत्पादन गर्न सकेको भियतनामले सन् २००८ मा ३८.६ मिलियन टन उत्पादन गर्न सक्यो । उत्पादनसँग समग्र भियतनामीको उत्थान भयो । प्रगति भयो । १९८६ मा १८० डलर रहेको प्रतिव्यक्ति आय बढेर २००८ मा १०२७ डलर पुग्न सक्यो । यही अवधिको कुल गार्हस्थ्य उत्पादन ८ बाट बढेर ३९.९१ हुन सक्यो ।

आर्थिकमात्र हैन, अन्य क्षेत्रमा पनि भियतनामको स्थिति सुधारियो । दोइमोइ कार्यक्रमकै कारण भियतनामको समग्र काँचुली फेरियो । अर्थात् बुद्धिमानीपूर्वक भियतनामी नेताले चालेका कदमबाट भियतनाम विश्वमा उदाहरणीय बन्न सकेको छ । समग्रमा पुस्तक यिनै विषयवस्तुमा घुमेको छ ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रद्वारा प्रकाशित यो पुस्तक नेपालका नीति निर्माता, भूमिअधिकार आन्दोलनकर्मी र भूमिसुधारका पक्षमा काम वा सहयोग गर्न चाहने सबैलाई उपयुक्त सामग्री हुन सक्छ ।

लामो समयदेखि भूमि र यससँग सम्बन्धित अध्ययन, अनुसन्धानमा संलग्न अनुभवी लेखक केशव बडालले सरल भाषामा सबै किसानले बुझ्नेगरी लेखेका यो पुस्तक कृषिप्रधान देशका लागि उपयोगी हुनेमा शङ्का छैन । साथै, सधैं फेल खाने योजना बनाउँदा बनाउँदा हैरान भएका नीति निर्मातादेखि उत्पादकत्व वृद्धि र भूमिअधिकारका क्षेत्रमा कार्यरत् सबैका लागि यो पुस्तक एउटा गतिलो मार्गनिर्देशक बन्न सक्ने देखिन्छ ।

# पाठकको पातो



### ● महिलाका कुरा थोरै समेटियो

यो पत्रिका अत्यन्त राम्रो छ । यसले भूमिअधिकार बिहीनहरुको आवाज बाहिर ल्याएको छ र सरोकारवालाको खोजीनीति (चासो) को विषय पनि बनेको छ । भूमिअधिकारबाट वञ्चित समुदायलगायत् भूमिअधिकारसम्बन्धी चासो राख्ने जोसुकैलाई भूमिसम्बन्धी कहाँ के भइरहेको छ, कसले के गरिरहेको छ भन्ने कुराको जानकारी गराउँछ यो पत्रिकाले ।

यति हुदाँहुँदै पनि यो पत्रिकामा महिलाको सवाल जति मात्रामा आउनुपर्थ्यो, त्यति नसमेटिएको पाएको छु । कुरा त थोरबहुत आएको छ तर ठ्याक्कै महिलाको आवाज आएन, आफ्नो भोगाई, विचार, आफैं नबोलेर कसैले बोलिदिएको पाइएको छ । उनीहरुसँगको विचार, आत्मकथा, सफलताका कथा, उनीहरुसँगको संवाद पनि यसमा राखिनुपर्दछ । जबसम्म भूमिमा महिलाको पनि स्वामित्व हुँदैन, तबसम्म महिला अधिकार सुनिश्चित हुँदैन । भूमिमा महिलाको स्वामित्व हुनु भनेको महिलाअधिकार सुनिश्चित हुनु हो, महिला हिंसा कम हुनु हो । जसले गर्दा महिला स्वतन्त्र, आत्मनिर्भर र समाजमा सम्मानपूर्वक जीउने वातावरण आफसेआफ सृजना हुन्छ । त्यसकारण हरेक बुलेटिन प्रकाशन गर्दा हाम्रो मान्यताअनुरुप ५० प्रतिशत भागमा महिलाका सवाल/कुरा समेट्दा कसो होला ?

मलाई यो पत्रिका पढ्दा सधैं खड्किइरहने कुरो के हो भने यो पत्रिका पढे-लेखेकाहरुका लागि मात्र उपयोगी बनेको छ । अक्षर नचिन्नेहरुका लागि कसले पढेर सुनाइदिने ? श्रीमानले आफ्नी श्रीमतीलाई त आफूले बुझेको कुरा बुझाएको हुँदैन, छोराछोरीले बुबालाई आमालाई बुझाएका हुँदैनन् । त्यसकारण अक्षर नचिन्ने महिला/पुरुषका लागि टिभी, रेडियो, एफएममार्फत् पनि भूमिसम्बन्धी नीति नियमका कुरा प्रचारप्रसार गर्न पाए/सके सहरदेखि विकट गाउँसम्मका सर्वसाधारण जनताले पनि कुरा बुझ्न सक्थे कि ?

**– दुर्गा विश्वकर्मा**
उदयपुर

### ● खोइ कानूनी कुरा ?

पत्रिका समग्रमा पठनीय छ तर यसमा कानूनी कुरा कम छन् । जस्तो कुनै पनि समस्यामा कानूनी पक्ष यस्तो छ भनेर उल्लेख गर्न सके हामी जस्ता पीडितले त्यहीअनुसार कदम चाल्न सक्थ्यौं । नभए भूमि समस्याबारे कानूनी सवाल-जवाफ स्तम्भ पनि राख्न सकिन्छ ।

जसमा पीडितले प्रश्न सोध्ने र विज्ञद्वारा त्यसको जवाफ दिन लगाउन सकिन्छ । यसो गर्न सके धेरैलाई परेको समस्याबाट कसरी निकास पाउने भन्नेबारे स्पष्ट हुन्थ्यो । अर्को कुरा, हरेक अङ्कमा एउटा एउटा विषयको कानूनी व्यवस्थाबारे पनि सामग्री राख्न सकिन्छ ।

**– मुक्तिराम परियार**
माडी चितवन

### ● मन पर्‍यो

भूमिअधिकारको हरेक अङ्कमा एउटा विषयलाई केन्द्रमा राखेर लेखिने कुरा राम्रो लाग्यो । सबै विषयमा टुक्क टुक्क भन्दा एउटै विषयमा विस्तृतमा दिइँदा त्यसबारे धेरै ज्ञान मिल्दो रहेछ । यसका लागि प्रकाशकलाई धन्यवाद ।

अर्को कुरा यसमा नीतिगत र फिल्ड दुवै ठाउँका कुरालाई संयोजन गरेर राखिएको हुन्छ । जसले गर्दा समस्याको उठान र समाधानको उपाय व्यावहारिक हुनसक्ने देखिन्छ । राजधानीमा बसेर लेख्ने कोठेगफभन्दा गाउँ डुलेर लेखिएका यस्ता सामग्रीले जनताको मन जित्न सक्छ । समस्या समाधानमा सघाउने विषयवस्तु पनि यस्तै हुन । यसलाई निरन्तरता दिइयोस्, शुभकामना छ ।

**– शिब कुमार पासवान**
सप्तरी

### ● कमलरीबारे सामग्री चाहियो

कमलरी प्रथा जमिन अभावकै कारण सिर्जिएको हो । त्यसैले जमिनका कारण सिर्जिएका थुप्रै सामग्री आए पनि कमलरीबारे विस्तृतमा आएको छैन । अहिले पनि दासप्रथा, बँधुवा जस्ता प्रथाभित्र कमलरी पनि पर्छ । त्यसैले यसबारे आयो भने कमलरी बस्ने र राख्ने दुवै क्रम रोकिन मद्दत पुग्थ्यो ।

अहिले सरकारले उनीहरुको शिक्षाका लागि भनेर १२ करोड छुट्याएको छ । तर शिक्षाभन्दा पहिले मुक्ति जरुरी छ । मुक्ति नै नभई शिक्षा कसरी सम्भव हुन्छ ? यसबारे भूमिअधिकारले विस्तृतमा आलेख तयार पारोस् भन्ने मेरो सुझाव छ ।

**– पार्वती चौधरी**
राजापुर, बर्दिया

### ● बेदखलीप्रति ध्यान पुगेन

अहिले राज्य संविधान निर्माणतर्फ लागिरहेको छ । यसले हामी जस्ता वर्षौंदेखि अरुको जमिन कमाइरहेका तर स्वामित्व भने फिटिक्कै नपाएका गरीबका लागि पनि केही हुने आशा सङ्गालेका छौं तर उल्टै यही बेलामा हामीलाई जमिनदारले जमिनबाट बेदखली गर्ने काम गरिरहेका छन् । यस्तो अवस्थामा प्रमाणको अभावमा हाम्रा कुरा सुन्ने कोही निस्केको छैन । त्यसैले यसबारे हाम्रा पीर मर्का प्रकाशन हुन सके सरकारलाई हामीबारे पनि केही सोच्न दबाब हुन्थ्यो कि ?

अर्को कुरा संविधान निर्माण नहुन्जेल भूमिसम्बन्धी कुनै पनि काम अघि नसार्न सम्बन्धित कार्यालयहरुलाई निर्देशन दिनुपर्छ । नत्र संविधानले जे गर्न खोजेको हो, त्यसबाट पहिल्यै उनीहरु सावधान हुने र कुरो मिलाइसक्न बेर छैन । त्यसैले किनबेच, नयाँ दर्ता जस्ता कुरा रोक्दै जमिनबाट हाललाई कसैलाई पनि बेदखली गर्न नपाउने कडा निर्देशन जारी हुनु जरुरी छ ।

**– कृष्ण विश्वकर्मा**
सुर्खेत

### लेख, रचना र पाठक प्रतिक्रियाको लागि अनुरोध

भूमिअधिकार पत्रिका भूमिअधिकारबाट बञ्चित, अनि गरिव जनताको न्याय र समुन्नतीको लागि क्रियासिल अधिकारकर्मी, सहयोगी र शुभचिन्तकहरुको आफ्नै पत्रिका हो । यो पत्रिका पढेपछि कस्तो लाग्यो ? हामी आफ्नो विचार, प्रतिक्रिया र सुझाव पठाउन हार्दिक अनुरोध गर्दछौं । तपाईलाई यस्तो सुझाव कुनैपनि माध्यमबाट पठाउन सक्नुहुन्छ । प्रकाशकको फोन ०१४३६०४८६ मा सम्पर्क गरेर पनि आफुलाई लागेका कुरा टिपाउन सक्नुहुन्छ । भूमिअधिकारका विषयमा लेख रचना पठाउन पनि हामी हार्दिक अनुरोध गर्दछौं ।

तपाई भूमिअधिकार हननका घटनाबाट पिडित हुनु भएको छ ? वा त्यस्तो सम्भावना छ ? त्यस्तो छ भनेर चुप लागेर नबस्नुहोस् । यस्ता अन्याय र शोषणको संगठीत रुपमा प्रतिरोध गर्नुहोस् । आफ्नो विषयलाई समुदायमा छलफलमा ल्याउनुहोस् । यसबारे थप बुझ्नु परे नजिकका भूमि अधिकार मञ्च वा अन्य संगठनहरुमा सम्पर्क गर्नुहोस् ।